
# आपतकालीन अवस्थामा लैङ्गिकता सम्बन्धी अक्सफामका मापदण्डहरू



OXFAM

जोरिका स्काकुन र डा. लुइजा डायट्रिकद्वारा तयार गरिएको

# कृतज्ञता

अक्सफामको विश्वव्यापी मानवीय टीम GHT को लैङ्गिक टोलीको नेतृत्वमा कन्फेडेरेसनमा रहेका सबैको सहभागीता एवं संलग्नतामा आपत्कालीन अवस्थामा लैङ्गिकता (GiE) अक्सफामको रणनीति (वर्ष २०२२-२०२५) को परिमार्जन कार्य सम्पन्न गरिएको थियो । आपत्कालीन अवस्थामा लैङ्गिकता मापदण्डहरु (२०२२ संस्करण) पनि उही प्रकिया अपनाएर परिमार्जन गरियो । उक्त प्रक्रियामा GHT को क्षेत्रीय मञ्चभित्र अनलाइन सर्वेक्षण, सृजनाका लागि सहकार्य कार्यशाला, विशेष सामूहिक छलफल र अन्तरवार्ताहरु लगायत थप स्वामित्व र विचार आदानप्रदानका लागि कन्फेडेरेसनमा रहेका राष्ट्र र कार्यक्रमहरु रहेका थिए ।

अक्सफाम अमेरिका र अक्सफाम क्यानाडाबाट प्राप्त आर्थिक तथा प्राविधिक सहयोगका साथसाथै खासगरी रणनीति र मापदण्डहरूको परिमार्जनमा तारा जिन्जेरिच र फातुमा शीदेहले वहन गर्नु भएको भूमिकाप्रति आभारी छौँ ।

यस पकियामा प्रत्यक्ष र परोक्ष रूपमा दिनु भएको समय र योगदानका लागि सम्पूर्ण कर्मचारीहरूप्रति कृतज्ञ छौँ । विचार, नेतृत्व, समन्वय र प्राविधिक सहायताका लागि हामी जुली लेफ्रेनिअर, एडिथ मुलुह्या, इलिया एन्ड्रिया टोमा, मारिया लिबर्टाड (लिब्बी), जेरिया वोङ, इग्नासिया ओसुल र फिदा अलराज (अस्थायी कर्मचारी) लगायतका जीएचएट लैङ्गिक टोलीलाई विषेश धन्यवाद व्यक्त गर्दछौँ ।

आपत्कालीन अवस्थामा लैङ्गिकता रणनीति र मापदण्डहरु भित्र कसरी रहेका छन् र यिनले कसरी मानवीय सेवा भावलाई निखार्न सक्छन् भन्ने बारे राय र विचार साझा गरिदिनु भएकोमा हामी लिडिया जिगोमो, निगेल टिमिन्स, मार्टा वाल्डेज, लिसा बे, स्टीफन रूस र हेनरी इसुराको योगदानको पनि उत्तिकै कदर गर्दछौँ ।

आफ्ना विचार, प्रतिक्रिया र संलग्नताका लागि अक्सफाम कन्फेडेरेसनका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवादः ऐमे लुकेलो, एलेक्स शोब्रिज, एलेक्जान्द्रा डोआर्ड, अमाडौ इदी, आना नियेट्जेन, अनिसा ओसमान, अंकट्स पेत्रोस, अमिना हेसी, आसुनसियोन लोपेज क्विन्ताना, आये न्येइन ह्लाइंग, बेनेडेट्टा गुआलान्दी, बिसिका थापा, ब्रिटनी लाम्बर्ट, ब्रूनो चाभेस, क्यारोलिन मुतुरी, क्रिस्टिना क्वाङ्वारी, क्रिस्टिन लुन्डाम्बुयू, क्लेमेन्टिन नोभालेस, कोलम बर्न, एमिली फार, एरलान्डे फ्यानोर्ड, एस्थर एकुए एकुए, फतूमा शिदेह, फ्लोरेन्स उविनेजा, फ्रान्चेस्को रिगामोन्टि, गाब्रिएला लुज (मेइलेट, जिउसेप्पे सेल्भागी, हाडिल कज्जाज, हन्ना स्कट, हुस्निया अल्कादी, इनिस स्माइथ, इन्ग्रिड कामिकाजी, इसाबेल दे शाम्प्लेन ब्रिन्गुए, जीन ओलेन्गा लोमामी, जोसलिन एम । भिल्लानुएभा, जोसे चाकोन, जुआन जोसे तार्रेस सानजुजी, जुली थेकुद्दान, केसी ओचिल्ट्री, काट्जा क्यार(लेभिन, खिन जार मोन, लौरेन्स हामाइ, लिली एम एस सेगुइन, लिन्डसे ग्रिमशा, मगाली दे बिओले, मारिया बोनिल्ला, मारिलिया लेटी, मार्गरेट मुल्लेर, मेलानी केसमेकर(भिसिङ, मुहम्मद उस्मान, नामाली जेयसिङ्हे, नाङ मे फु मोन, नेस्रिन अली, निकोलेट मथिज्सेन, पिलार ओर्दुना गार्सिया, रैसा अज्जालिनी, राचेल हास्ती, रेबेका शाडविक, रोडिलिन टाटा बोलो, रूथ जेम्स, सलोमाओ टेम्बे, स्याम भान देन बेर्ग, सान्द्रा सोतेलो, सास्किया हर्मसेन, सेबास्टियन थोमस, श्रीजु श्रेष्ठ, सोफी डुपोन्त, सुजान अलोस्ताज, तारा जिन्गेरिच, भर्जिनिया मुरा, वेन्डी तयेङ्वा, जुबिन जमान ।

***आवरण फोटोः रोहिंग्या महिला कल्याण समाज महिला केन्द्रले महिलाहरूलाई एक्लोपन र घरको चार पर्खालबाट बाहिर आउन र साथी बनाउने अवसर दिन्छ ।*** *बङ्गलादेश । (फोटो क्रेडिटः फबेहा मोनिर/अक्सफाम)*

संस्करण २०२२

# विषयसूची

**कृतज्ञता** ........ २

१ **पृष्ठभूमि** ........ ४

२ **आधार स्तम्भ र मापदण्ड** ........ ६

**२.१** आपतकालीन अवस्थामा लैङ्गिक संवेदनशीलताका ७ आधार ........ ६
**२.२** आपतकालीन अवस्थामा लैङ्गिक संवेदनशीलताका १५ मापदण्ड ........ ८

३ **कार्यान्वयनका मार्ग** ........ ९

**३.१** कार्यान्वयनको प्रारुप ........ ११

४ **न्यूनतम् संस्थागत आवश्यकता** ........ १८

**परिशिष्ट** ........ १९

**परिशिष्ट १** अक्सफामका नारीवादी सिद्धान्त ........ १९
**परिशिष्ट २** अक्सफामको मानवीय कार्यदृष्टिका चार स्तम्भ ........ २०
**परिशिष्ट ३** शब्दावली ........ २१

**सन्दर्भ सामग्री** ........ २३

# १. पृष्ठभूमि

अक्सफाम लामो समयदेखि 'आफ्ना सम्पूर्ण कार्यको केन्द्रमा महिला अधिकार राख्न' प्रतिबद्ध संस्था हो ।[1] हाम्रो मानवीय सेवा कार्यमा लैङ्गिक समानता प्रवर्द्धन गर्न र लैङ्गिक हिंसा रोक्न प्रयोग गरिने मुख्य उपकरण अतिरिक्त क्षेत्रगत उपकरण र प्रारूपहरूद्वारा समर्थित २०१३ आपतकालीन लैङ्गिकताको न्यूनतम मापदण्ड हो ।[2] मानवीय प्रतिकार्यमा लैङ्गिक समावेशी दृष्टिकोणहरू एकीकृत हुने कार्य फस्टाउँदै गर्दा अक्सफामका नयाँ विश्व रणनीति एवं मूल्यहरूसँग अझै धेरै अनुकुल हुने मापदण्डहरू अद्यावधिक गर्ने अवसर जुरेको छ ।[3]

अक्सफामले सन् २०१८ मा नारीवादी (Feminist) सिद्धान्त अङ्गीकार गर्‍यो (परिशिष्ट १ हेर्नुहोस्) र मानवीय दृष्टिकोण अपनायो (परिशिष्ट २ हेर्नुहोस्) । नारीवादी सिद्धान्त र अभ्यासमा आधारित यस मानवीय सेवाभावको दृष्टिकोणको कार्यान्वयनमा पाँच मुख्य आधारहरू छन्ः

१. यो **जनकेन्द्रित** छ । समुदायस्तरमा मात्र विश्लेषण गर्दा लैङ्गिकताका रूपमा तटस्थ वा आंशिक रूपमा विभेदोन्मुख हुन सक्ने सम्भावना रहन्छ

२. यसले **सबै मानिसका विविधता भित्र समानता**को अवधारणालाई मान्ने र अँगाल्ने गर्दछ ।

३. यसले लैङ्गिकताका आधारमा रहेका व्यावहारिक आवश्यकताहरूको प्रतिकार्य गरी लैङ्गिक मूलप्रवाहिकरणको माध्यमबाट कुनै विभेद नराखी **सबै समुदायका सदस्यहरूको आधारभूत आवश्यकताहरू** पूरा गर्दछ ।

४. यसले शक्ति असन्तुलनको निवारण गर्न लक्षित कार्यमा लैङ्गिक समानता र महिला हक अधिकारलाई बुलन्द गर्दै परिवर्तनको **अगुवा र नेतृत्वकर्ताका रूपमा महिलाहरू**सँग मिलेर काम गर्दछ ।

५. यसले प्रतिकार्य अन्त्यका समयमा **परिवर्तित शक्ति संरचना**को छाप छोड्छ जसको फलस्वरूप गरिबीको चपेटामा बाँचिरहेका महिलाहरूले आफ्नो जीवनमा प्रभाव पार्ने र परिवर्तन ल्याउन सक्ने निर्णय लिन सकून् ।




*मधेश प्रदेश स्थित रौतहट जिल्लाको गौर नगरपालिकाकी समसोमरी पासवान (४५) महिला समूहका बैठकहरूबाट लैङ्गिक हिंसा विरूद्ध आवाज उठाउने कुरा थाहा पाएपछि यसबारे आफ्नो समुदायमा हुने लैङ्गिक हिंसा विरूद्ध आवाज उठाउने कुरामा विश्वस्त छिन् ।*

*फोटोः रचना मुखिया/अक्सफाम*

नारीवादी कार्यविधि सिद्धान्त लैङ्गिक दृष्टिकोणमा रूपान्तरणमूखी र सामाजिक रूपमा समावेशी परिवर्तन ल्याउन पक्षधर रहन्छ । फलस्वरूप, शक्ति, सशक्तीकरण, सम्बन्ध र लैङ्गिक नियमहरु मापन गर्न कठिन हुने तत्वहरु मिलेर बनेको यो गतिशील दृष्टिकोण हो । अतः जुनसुकै परिवेशमा जटिल मापदण्डहरु लागु गर्न सकिन्छ भन्ने हुँदैन । हामीले काम गर्ने भिन्न-भिन्न परिवेश र सन्दर्भहरूमा उपयुक्त हुने मापदण्डहरूको सहज, सरल र उत्तरदायी कार्यान्वयन सुनिश्चित गर्न निरन्तर परिवेश अनुकुल कार्य गर्नु पर्ने हुन्छ ।[४]

‘ लैङ्गिक रूपान्तरण प्रणालीगत लैङ्गिक असमानता र शक्ति असन्तुलन निवारण गर्ने उद्देश्य बोकेको दीर्घकालीन प्रक्रिया हो । अतः लैङ्गिक रूपान्तरण कुनै समय विशेषमा कार्यान्वयन गरिएका एकमुष्ट गतिविधिहरु नभई अपनाइएका थुप्रै पहलहरूको समष्टिगत परिणाम हो । कार्यक्रमलाई निरन्तर प्रक्रियाका रूपमा हेर्नुपर्दछ जहाँ लैङ्गिक संवेदनशील र प्रतिक्रियात्मक गतिविधिहरु समग्र लैङ्गिक रूपान्तरणमुखी लक्ष्यहरु हासिल गर्ने आवश्यक शर्तहरु हुन् । त्यस्ता लक्ष्यहरूमा सीमान्तकृत महिलाहरूको सशक्तिकरण गर्ने, उनीहरूको अधिकार प्राप्तीमा आइपर्ने बाधा अवरोधहरु हटाउने र घरपरिवार लगायत समाजका विभिन्न तहमा रहेका असमान शक्ति सम्बन्धहरु रूपान्तरण गर्ने कुराहरु पर्न सक्छन्’ ।[५] ’



*गत वर्षको मनसुनमा डुबानमा परेको आफ्नो घर अगाडि उभिरहेकी मधेश प्रदेश स्थित रौतहट जिल्लाको गौर नगरपालिकाकी सुगन्धी पासवान (२९) ।*

*फोटोः रचना मुखिया/अक्सफाम*

# २. आधारस्तम्भ र मापदण्ड

अक्सफामको २०२२ आपतकालीन अवस्थामा लैङ्गिकता सम्बन्धी मापदण्डहरू (Gender in Emergency GiE) हाम्रा लैङ्गिक विशेष मानवीय कार्यका लक्ष्य हासिल गर्न महत्वपूर्ण आन्तरिक आधारहरू रहेका थिए । यी मापदण्डहरू २०२२-२५ को GiE रणनीतिको निम्न भिजन कथनसँग मिल्ने महसुस गरी तयार गरियो:

> ‘ महिला, पुरुष तथा विविधतायुक्त लैङ्गिक र यौनिक झुकाव, पहिचान, अभिव्यक्ति एवं विशेषता भएका मानिसहरूसँग साहस, उत्थानशीलता र सङ्कटहरूसँग लड्ने र घुलमिल हुने क्षमता हुन्छ । गुणस्तरीय मानवीय कार्यले उनीहरूलाई नेतृत्व गर्न र समाधानका उपायहरू कार्यान्वयन गर्न सुरक्षित स्थान प्रदान गर्दै तत्कालका आवश्यकताको सम्बोधन गर्दछ । उनीहरूसँग आफ्ना आवश्यकता पूरा गर्न र व्यक्तिगत तथा सामूहिक अधिकारहरू महसुस गर्न आवश्यक साधन र स्थानहरू हुन्छन् । अक्सफाम प्रभावित समुदायहरूप्रति जवाफदेही रहन्छ । सङ्कटको चपेटामा रहेका समुदाय र मानिसहरूलाई सहयोग गर्न केन्द्रित रही अक्सफाम सङ्कटमा थुप्रै खाले जोखिम र असरहरू बढाउने लैङ्गिक र शक्तिका असमानताका मूल कारणहरू सम्बोधन गर्न उनीहरूसँग काम गर्दछ । ’

आपतकालिन अवस्थामा लैङ्गिक (GiE) मापदण्ड निम्न कार्य सुनिश्चित गर्न प्रयोग गरिने समग्र आन्तरिक गुणस्तर मापदण्डहरू हुन्:

- अक्सफामको सिद्धान्त र मूल्यहरूको पालना गर्ने;
- हाम्रो GiE कार्यमा कन्फेडेरेसनभरको एकता र समन्वय;
- उच्च गुणस्तरको लैङ्गिक र सामाजिक रूपमा समावेशी रूपान्तरणमुखी मानवीय कार्यको माध्यमबाट नियमितता र विस्तार;
- कन्फेडेरेसनमा उत्तरदायित्व र अक्सफामको काममा संलग्न सबैजना (जस्तै, हाम्रा कर्मचारी र स्वयंसेवक, साझेदार, सहयोगी र कार्यक्रम कार्यान्वयन गरिने राष्ट्रका सरकारहरू); र
- मानवीय कार्य (Humanitarian), शान्ति (Peace) र विकास (Development) सम्बन्धका विभिन्न चरणका लिङ्केजहरू ।

GiE मापदण्डहरू (२०२२) को पूर्ण पालना लैङ्गिक न्यायमा योगदान पुऱ्याउन सबै विश्वास र क्षमताहरूले चाहने संस्कृति, प्रणाली र नेतृत्व निर्माण गर्न महत्वपूर्ण रहन्छ ।

## २.१ आपतकालीन अवस्थामा लैङ्गिक संवेदनशीलता GiE का ७ आधार

GiE मापदण्डले सात प्रमुख क्षेत्र वा 'आधार स्तम्भहरू' लाई समेट्छ जहाँ हाम्रो मानवीय कार्यका दृष्टिकोण र लक्ष्यहरू हासिल गर्न खटिएका सबै पक्षहरूलाई सघाउन अक्सफामको कार्य अझै सुदृढ गर्न आवश्यक पर्दछ । अब आउने खण्डमा प्रत्येक आधार स्तम्भलाई अक्सफाम र साझेदारहरूले आपतकालीन अवस्थामा प्राप्त गर्ने लक्ष्य प्रस्तुत गरिन्छ । यी मापदण्डहरूले गुणस्तरीय कार्यसम्पादनका लागि हाम्रो क्षमता उजागर गर्नका साथै अझ बढी प्रभावका लागि हाम्रो प्रतिबद्धतालाई सुदृढ बनाउँछन् ।

## GiE का ७ आधार

| | |
|---|---|
| **१**<br>**विपदका समयमामा शक्ति साझेदारी र नारीवादी नेतृत्व** | अक्सफाम र यसका साझेदारका मानवीय सेवाका कार्य, संस्थागत संस्कृति, आन्तरिक नीति तथा प्रक्रियाहरु नारीवादी (Feminist) सिद्धान्तद्वारा सञ्चालित हुन्छन् जसले लैङ्गिक असमानता निम्त्याउने श्रेणीगत र पितृसत्तात्मक मान्यताहरूबाट मुक्त समाज निर्माण गर्न योगदान पुऱ्याउँछन् । |
| **२**<br>**लैङ्गिकता र शक्तिको विश्लेषण र आवश्यकता अनुरूप अनुकूलनशील योजना** | अक्सफाम र यसका साझेदारहरूले द्वन्द्व संवेदनशील लैङ्गिक र शक्तिको विश्लेषण गर्छन् जुन महिला, पुरुष एवं विविधतायुक्त लैङ्गिक र यौनिक पहिचानयुक्त मानिसका ज्ञान र अनुभवहरूमा आधारित हुन्छन् । यी विश्लेषणहरूले अनुकूलनशील योजना प्रक्रियाहरु सूचित गर्न समयमै गरिने सहकार्यलाई सम्भव तुल्याउछन् । तिनले लैङ्गिक असमानता र सिमान्तकृत अवस्था सिर्जना गर्ने औपचारिक (जस्तैः कानुन र नीतिहरु) र अनौपचारिक (जस्तैः लिङ्ग र सामाजिक समावेशीकरण मापदण्ड र नियमहरु) प्रणाली तथा संरचनाहरूलाई पेचिलो चुनौती दिन्छन् । |
| **३**<br>**लैङ्गिक पहल र कार्य** | अक्सफाम र साझेदारहरूले सङ्कटका अवस्थामा ज्ञान, मनोवृत्ति एवं अभ्यासहरूमा जरा गाडेर रहेका शक्ति असमानताहरूलाई चुनौती दिने तरिकाले काम गर्छन् । यसले महिला, पुरुष तथा विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूलाई तिनका जीवनमा परिवर्तन ल्याउने निर्णय गर्न, सेवाको समान र सुरक्षित पहुँच प्राप्त गर्न र निजी तथा सार्वजनिक क्षेत्रका स्रोतहरूमा नियन्त्रण गर्न सघाउँछ । यसको दीर्घकालीन उद्देश्य भनेको सङ्कटपूर्व, सङ्कटको समयमा र सङ्कटपछि अनुकूलन गर्न र प्रतिकार्य दिन उनीहरूको उत्थानशीलता र क्षमता बढाउनु हो । |
| **४**<br>**संरक्षण प्रणाली (Safeguarding), सुरक्षित कार्यक्रम र लैङ्गिक हिंसा** | अक्सफाम र साझेदारहरु सुरक्षित कार्यक्रम सुनिश्चित गर्ने, समुदायका सदस्यहरूलाई लैङ्गिक हिंसा रोकथाम प्रतिकार्य र न्यूनीकरणका लागि प्रभावित केन्द्रित विधि र समुदायस्तरिय आवश्यकतारूपि दृष्टिकोणहरु मार्फत लैङ्गिक हिंसा रोकथाम, प्रतिकार्य र न्यूनिकरणमा काम गर्छ । |
| **५**<br>**आवाज र अर्थपूर्ण सहभागिता** | अक्सफाम र साझेदारका रणनीति तथा कार्यहरु प्रभावित महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसका सरोकार, प्राथमिकता र आवश्यकताहरूमा आधारित रहन्छन् । प्रभावित मानिसहरूले आफ्नो जीवन परिवर्तन गर्न सक्ने मुद्दाहरूमा आफ्नो भनाइ राख्न सक्ने र मानवीय सेवा वितरण तथा सहायतामा अर्थपूर्ण प्रभाव पार्ने शक्ति राख्दछन् । |
| **६**<br>**GiE प्रभावकारी स्रोत** | अक्सफाम र साझेदारहरूले लैङ्गिकता सम्बन्धित गतिविधि, लैङ्गिकता र शक्तिको विश्लेषण, विविधतायुक्त कर्मचारी नियुक्ति र व्यवस्थापन, लैङ्गिक विशिष्ट क्षमता र सल्लाहकार भूमिका, महिलाद्वारा नेतृत्व लिइएका पहलहरु, महिला अधिकारवादी संघसंस्थाहरु र लैङ्गिक सरोकार सम्बन्धी सङ्गठनहरूको संलग्नता र एकल लैङ्गिक एवं सामाजिक समावेशीकरण कार्यक्रम आदिका लागि पर्याप्त आर्थिक स्रोत सुनिश्चित गर्छन् । |
| **७**<br>**समावेशी सामाजिक परिवर्तनका लागि अनुगमन, ज्ञान र सिकाइ** | अक्सफाम र साझेदारहरूले लगातार मानवीय कार्यमा लैङ्गिक रूपान्तरणमूखी र सामाजिक रूपमा समावेशी परिवर्तनमा अर्थपूर्ण योगदान दिन चाहन्छन् र आफूले योगदान गरेका परिवर्तनहरूलाई राम्ररी दस्तावेजीकरण गर्छन् । अक्सफाम र साझेदारहरु प्रभाव/परिणाम केन्द्रित छन् र तिनका कार्यहरु प्रतिकार्य भित्र र बाहिर अनुकूल हुने कार्यक्रमकालागि निरन्तर सिकाइ सहित प्रमाणमा आधारित छन् । |

# २.२
# आपतकालीन अवस्थामा लैङ्गिक संवेदनशीलताका १५ मापदण्ड

७ वटा आधारस्तम्भहरूलाई १५ वटा मापदण्डहरूमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| १ | संकटका समयमा शक्ति साझेदारी र नारीवादी नेतृत्व | **मापदण्ड १.१**<br>रूपान्तरणमूखी परिवर्तनकालागि अनुकूल वातावरण सिर्जना गर्ने<br>**मापदण्ड १.२**<br>लैङ्गिक रूपान्तरणका लागि साझेदारीको पहिचान र क्षमता विकास |
| २ | लैङ्गिकता र शक्तिको विश्लेषण र आवश्यकअनुरूप अनुकूलनशील योजना | **मापदण्ड २.१**<br>समयमै आवश्यकअनुरूप लैङ्गिक र शक्तिको विश्लेषण सुनिश्चित गर्ने<br>**मापदण्ड २.२**<br>प्रमाणको आधारमा लैङ्गिक विशेष योजना र कार्यक्रम गर्न प्रतिबद्ध हुने |
| ३ | लैङ्गिक पहल र कार्य | **मापदण्ड ३.१**<br>हामीले गर्ने सबै काममा लैङ्गिक मूलप्रवाहिकरणको सुनिश्चितता<br>**मापदण्ड ३.२**<br>सेवाहरूको समान पहुँच सुनिश्चित गर्ने र फरक प्रभाव र जोखिमहरूमा प्रतिकार्य दिने<br>**मापदण्ड ३.३**<br>लैङ्गिक रूपान्तरणमूखी कार्यहरूतर्फको सक्रिय दृष्टिकोण अपनाउने |
| ४ | संरक्षण, सुरक्षित कार्यक्रम र लैङ्गिक हिंसा | **मापदण्ड ४.१**<br>आन्तरिक यौन शोषण र दुर्व्यवहार रोकथाम/बाल संरक्षण/सुरक्षा नीतिहरूको पूर्ण पालना गर्ने<br>**मापदण्ड ४.२**<br>लैङ्गिक हिंसा सम्बन्धी उपाय र सुरक्षित कार्यक्रम दृष्टिकोण एकीकृत गर्ने |
| ५ | आवाज र अर्थपूर्ण सहभागिता | **मापदण्ड ५.१**<br>प्रभावित मानिसहरूको आवाज बुलन्द गर्ने र उनीहरूको सिफारिसमा काम गर्ने<br>**मापदण्ड ५.२**<br>महिला अधिकारवादी संघसंस्था र महिला नेतृत्वका सङ्गठनहरूसँग मानवीय कार्यमा संलग्न हुने |
| ६ | GiE प्रभावकारी स्रोत | **मापदण्ड ६.१**<br>GiE का लागि पर्याप्त र अनुकूल आर्थिक स्रोत र सहायता सुनिश्चित गर्ने<br>**मापदण्ड ६.२**<br>विविधतायुक्त कर्मचारीहरूलाई आकर्षित गर्न र कायम राख्न सक्षम वातावरण सिर्जना गर्ने |
| ७ | समावेशी सामाजिक परिवर्तनकालागि अनुगमन, ज्ञान र सिकाइ | **मापदण्ड ७.१**<br>मानवीय सेवाका निर्णय लिने र कार्यहरु सूचित गर्न प्रमाणहरु तयार गर्ने<br>**मापदण्ड ७.२**<br>दीर्घकालीन परिवर्तनमा योगदान गर्न निरन्तर परिवर्तन मापन गर्ने |

# ३. कार्यान्वयनका मार्ग

GiE मापदण्डहरूको कार्यान्वयन आपतकालीन अवस्थाको आधारमा फरक हुनेछ । यही कुरालाई मध्यनजर गर्दै र अक्सफामको एक कार्यक्रम दृष्टिकोणलाई पनि ध्यानमा राख्दै सुझाव गरिएका दृष्टिकोणहरूलाई तीन स्पष्ट व्याख्यासहितका चरणहरु (आपतकालको सुरुवातमा लैङ्गिक संवेदनशीलता; मानवीय प्रतिकार्यको समयमा लैङ्गिक उत्तरदायी र पुनर्निर्माण वा पुनर्स्थापनाको क्रममा वा दीर्घकालीन संकटमा लैङ्गिक रूपान्तरणमुखी) मा विभाजन गर्न सकिन्छ ।

**आपतकालको सुरुवात**
लैङ्गिक संवेदनशीलता

- लैङ्गिक भिन्नताहरु (आवश्यकता, अवसर र क्षमताहरु) पहिचान गर्दछ ।
- सम्पूर्ण पहिचानका महिला र पुरुषका लागि समान पहुँच, सहभागिता र प्रभाव सुनिश्चित गर्दछ ।
- लैङ्गिक असमानताहरु बढ्न दिँदैन ।

**मानवीय प्रतिकार्य**
लैङ्गिक उत्तरदायी

- अक्सफाम संरचनाका सबै तहहरूमा साझेदारहरूसँग र काम गर्ने समुदायहरु माझ नेतृत्वमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्छ ।
- लैङ्गिक समानता उठान गर्ने व्यक्तिहरु, विशेष गरी महिलाहरु र विविध पहिचानका व्यक्तिहरूलाई नेतृत्व गर्ने ठाउँ र सुविधा सक्रिय रूपमा उपलब्ध गराउँछ ।
- महिला र ऐतिहासिक रूपमा सीमान्तकृत समूहका फरक-फरक आवश्यकता र चुनौतीहरूलाई सम्बोधन गर्दछ र तिनीहरूको शक्ति र क्षमतामा निर्माण गर्दछ ।
- असमानताका मूल कारणहरूलाई पूर्ण रूपमा सम्बोधन नगर्न सक्छ ।

**लामो समयसम्म चल्ने सङ्कट**
लैङ्गिक रूपान्तरणमूखी

- लैङ्गिक भूमिका र नियमहरु परिवर्तन गरी असमान लैङ्गिक शक्ति सम्बन्धहरु परिवर्तन गर्दछ ।
- मानिसहरूको उत्थानशील क्षमतालाई अभिव्यक्त गर्ने लक्ष्यको रूपमा लैङ्गिक समानतालाई अगाडि बढाउँछ ।
- महिला, विविध पहिचान भएका मानिस र ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूको समाजमा हैसियत बढ्दै जाँदा बढ्न सक्ने लैङ्गिक हिंसा र अन्य परिणामहरु जस्ता सम्भावित प्रतिक्रियाको निगरानी गर्दछ ।
- स्थानीय महिला सङ्गठन र आन्दोलनहरूको केन्द्रीय भूमिकालाई स्वीकार र समर्थन गर्दछ जसले स्थानीय संस्कृति र शक्तिको गतिशीलतालाई बुझेका हुन्छन् र जसका गतिविधिहरूले स्वाभाविक रूपमा विकास, मानवीय सेवा र शान्ति निर्माण कार्यलाई जोड्छन् ।
- परिवर्तनको दीर्घकालीन प्रकृति र अधिकांश मानवीय सङ्कटहरूको दीर्घकालिन प्रकृतिलाई मध्यनजर गर्दै मानवीय सेवाका गतिविधिहरूको दीर्घकालीन दृष्टिकोणबाट हेर्छ ।
- पुरूष र केटाहरूलाई वास्तविक सहयोगी बनाउने तरिकामा संलग्न गराउँछ ।
- विविध लैङ्गिक पहिचान भएका मानिसहरूले असमान लैङ्गिक शक्तिको गतिशीलता अनुभव गरेको स्वीकार गर्दै लिङ्गको परम्परागत विभाजन भन्दा बाहिर गएर काम गर्दछ ।[७]

यी चरणहरूले विभिन्न परिवेश र आन्तरिक क्षमताहरूको सन्दर्भमा विचार गर्न सकिने मानवीय कार्यमा रहेका अवसर र सम्भावनाहरूलाई सङ्केत गर्दछन् । विकासका हरेक चरणहरूलाई संकटको विस्तृत चरणका रूपमा तोकिएको छः अर्थात् शुरूवात, मानवीय प्रतिकार्य र पुनर्निर्माण वा पुनर्स्थापना यी तीन विकासत्मक चरणहरु संकट चरणहरूझैं तरल र अन्तरसम्बन्धित हुन्छन् । अतः यहाँका भिन्नताहरु मिल्ने वा सीमा पार गर्न सक्छन्।

## बाकस १: अक्सफाम नेपाल

ग्रामीण विकास केन्द्र, फोकस नेपाल र शान्ति जनआदर्श सेवा केन्द्र (SJASK) को साझेदारीमा अक्सफाम नेपालले नेपाल बाढी तथा पहिरो प्रतिकार्य (२०२४/२०२५) मा एकल र मूलप्रवाहिकरण दुवै दृष्टिकोणमा लैङ्गिकता र संरक्षणका लागि न्यूनतम् मापदण्ड प्रतिबद्धता समग्र प्रतिकार्यमा लागु गऱ्यो । मूल्याङ्कन लामो समयसम्म चल्ने सङ्कटको अवधिमा गरिएको थियो जसले लैङ्गिकता सम्बन्धी उपायहरूमा रहेका केही कमिकमजोरीहरु पनि पहिचान गऱ्यो । त्यसपछि यसले लैङ्गिकता उत्तरदायी बजेट सुनिश्चित गर्न प्रतिकार्य परियोजनाको प्रस्तावमा लैङ्गिकता र सुरक्षा केन्द्रले योगदान पुऱ्याएको सुनिश्चित गऱ्यो । महिलाहरूको विशेष आवश्यकताहरूलाई समर्थन गरेर अर्थात् डिग्निटी किट मार्फत तत्काल आवश्यकताहरु पूरा गरियो र लाभार्थी छनोट प्रक्रियाको क्रममा अन्तरसम्बन्धित कमजोरीहरु पहिचान गरियो । यो दिगोपना सुनिश्चित गर्न स्थानीय प्रशासन र अन्य स्थानीय कार्यकर्ताहरूको समन्वयमा काम गरिएको थियो । महिलाहरूसँग लैङ्गिक हिंसा सम्बन्धी आफ्नो अनुभव साझा गर्न सुरक्षित ठाउँ हुनेछ भन्ने उद्देश्यका साथ सुरक्षित स्थल स्थापित गर्दै महिला समूहहरु गठन गरिएको थियो । उनीहरूलाई प्रतिकार्यका गतिविधि र यसको प्रक्रियाको बारेमा जानकारी प्रदान गरेर मूलधारमा ल्याउने कुरा सुनिश्चित गरिएको थियो । त्यसैगरी, समग्र उपाय स्थानीय संरचना संयन्त्र (WASH बोर्ड व्यवस्थापन र जल उपभोक्ता समिति) मार्फत सम्पन्न भयो र समुदायका महिलाहरु योजना प्रक्रिया र कार्यान्वयनमा राम्ररी संलग्न र सहभागी भएको सुनिश्चित गरियो । समग्र प्रक्रिया स्थानीय नेतृत्व सुनिश्चित गर्न र प्रभावित समुदाय पीडित मात्र नभई आपतकालीन प्रतिकार्यका लागि परिवर्तनकर्ता र अगुवाका रूपमा योगदान गर्न सक्ने हुनुपर्नेमा केन्द्रित थियो ।

## बाकस २: बङ्गलादेशको कक्स बजार

अक्सफामले कक्सबजारमा शरणार्थी प्रतिकार्यको शुरूवातदेखि नै महिलाहरूको अधिकारमा केन्द्रित रहेर रोहिंग्या महिला नेताहरूको आवाज बुलन्द गर्ने प्रयास गरेको छ । यसपछि समन्वय प्लेटफर्महरूमा महिला अधिकारवादी संघसंस्थाहरूको प्रभाव र सहभागिता रह्यो । नारीवादी रोहिंग्या नेतृत्वमा रहेको सङ्गठन रोहिंग्या महिला कल्याण समाजसँगको सहकार्यमा अक्सफामले स्थानीय महिला अधिकारवादी संघसंस्थाहरूको क्षमता विकास गर्न र लैङ्गिक प्रतिकार्यात्मक उपायहरूका लागि मानवीय सेवाका प्लेटफर्महरूमा सहभागी हुन सहयोग गरिरहेको छ । महिला नेता र पुरूष सहयोगीहरूको सञ्जालसँग काम गर्दा रोहिंग्या महिला कल्याण समाजको दृष्टिकोणले लैङ्गिक आवश्यकताहरूलाई अझ प्रभावकारी रूपमा बुझेको छ र समुदायमा आधारित पहलहरु मार्फत थप सेवाहरु प्रदान गरेको छ । यो कार्य विशेष गरी कोभिड-१९ महामारीको समयमा निकै प्रभावकारी रहेको थियो ।

## बाकस ३: युक्रेनमा विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको सहायता

अक्सफाम युक्रेनमा युद्धबाट प्रभावित विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको समुदायलाई सहयोग प्रदान गर्न साझेदारहरूसँग काम गरिरहेको छ । गे अलायन्स युक्रेनले आन्तरिक रूपमा विस्थापित मानिस र किभ र ओडेसाका बासिन्दाहरूलाई मानवीय सहायता उपलब्ध गराउँछ । उक्त सङ्गठनका अनुसार, सहायताको वितरण संयुक्त राष्ट्र एजेन्सी एवं गैरसरकारी संस्थाहरूले सङ्कटासन्न मापदण्डमा लक्षित नगरेका जनसंख्यालाई समेट्न महत्वपूर्ण सावित भएको छ । उदाहरणका लागि त्यहाँका एकल पुरूषहरु । गे अलायन्सले अविवाहित समलिङ्गी वृद्ध पुरूषहरूले आफ्नो नेटवर्क कमजोर रहेको र सहयोग चाहिएकाले पहिलो पटक उनीहरूसँग सम्पर्क गरेको बताएको छ । सरसफाइ किट र खानाले मानिसहरूलाई मनोवैज्ञानिक सहयोग र आवास जस्ता अन्य सेवाहरूमा सुरक्षित महसुस गर्न आधारभूत तत्वको रूपमा काम गरेको उनीहरूले जानकारी लिएका छन् । कतिपयले स्वयंसेवा पनि गर्न थालेका छन्, नयाँ शहरमा आफू रहन र अरूलाई सहयोग गर्न सुरक्षित ठाउँ खोजिरहेका छन् ।



# ३.१
# कार्यान्वयनको प्रारूप

अक्सफामका कर्मचारी र साझेदारहरूलाई दीर्घकालीन समालोचनात्मक चिन्तन र अधिक परिणाम हासिल गर्न निरन्तर प्रयास गर्दै यस प्रारूपलाई आफ्नो काममा प्रयोग गर्न प्रोत्साहित गरिन्छ ।

## १. सङ्कटमा शक्ति साझेदारी र नारीवादी नेतृत्व

| आपतकालको सुरुवात<br>लैङ्गिक संवेदनशीलता | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|

**मापदण्ड १.१**

रूपान्पतरणमूखी परिवर्तनका लागि अनुकूल वातावरण सिर्जना गर्ने

| आपतकालको सुरुवात | मानवीय प्रतिकार्य | लामो समयसम्म चल्ने सङ्कट |
|---|---|---|
| आफू र अरूलाई कसैको स्वीकृति वा प्रतिशोधको डर बिना आफ्ना विचार र धारणा स्पष्ट पार्ने स्वतन्त्रतालाई अपनाउनुहोस् । | अक्सफाम संरचनाका सबै तहमा हाम्रा साझेदारहरूसँग र हामीले काम गर्ने समुदायहरु माझ नेतृत्वमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नुहोस् । | असमान शक्तिको गतिशीलतालाई चुनौती दिनुहोस् र शक्तिको सकारात्मक रूपहरु बढाउनुहोस्, जस्तै 'संग शक्ति', 'आन्तरिक शक्ति' र 'गर्ने शक्ति' । |
| सबै कर्मचारी र साझेदारहरूबीच सकारात्मक, समावेशी र सहयोगी नेतृत्व शैलीहरु प्रवर्द्धन गर्नुहोस् । | लैङ्गिक समानता उठान गर्ने व्यक्तिहरु, विशेष गरी महिलाहरु र विविध पहिचानका व्यक्तिहरूलाई नेतृत्व गर्ने ठाउँ र सुविधा सक्रिय रूपमा उपलब्ध गराउनुहोस् । | राज्य, न्यायपालिका, धार्मिक संस्थाहरु, समुदाय र परिवार लगायत न्याय र अधिकारको संरक्षणको सन्दर्भमा कर्तव्यपालकहरूको उत्तरदायित्व सुनिश्चित गर्नुहोस् ।[६] |

**मापदण्ड १.२**

लैङ्गिक रूपान्तरणका लागि साझेदारीको पहिचान र क्षमता विकास

| आपतकालको सुरुवात | मानवीय प्रतिकार्य | लामो समयसम्म चल्ने सङ्कट |
|---|---|---|
| राष्ट्रिय साझेदारहरूलाई प्रतिकार्य पूर्व र प्रतिकार्यभर GiE सम्बन्धी प्रशिक्षण र सल्लाह प्रदान गर्नुहोस् । | लैङ्गिक समानता र नारीवादी सिद्धान्तहरूको अनुभव, समझदारी र प्रतिबद्धतामा आधारित साझेदारहरु छनोट गर्नुहोस् र सह-निर्माण र संयुक्त प्रभावका लागि प्रक्रियाहरु तय गर्नुहोस् । | राष्ट्र र क्षेत्रहरु बीच सिक्ने र आदानप्रदान कायम राख्दै विशेषगरी महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठनसँग साझेदारीको लागि नेटवर्किङ मोडेलतर्फ जानुहोस् । |
| महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठनहरूका विविधता, उनीहरूको भूमिका र प्रतिभाको सम्मान गर्नुहोस् । हाम्रा कार्य र नीतिहरु मार्फत उनीहरूका कामलाई कमजोर सोच्ने, नक्कल वा बेवास्ता गर्नुको सट्टा उनीहरूसँग मिलेर काम गर्नुहोस् । | अतिसीमान्तकृत समुदायमा पुग्न कार्यकर्ता, अनौपचारिक समूह, सामाजिक आन्दोलन र धार्मिक सङ्गठनहरूसँगको सम्बन्ध बढाउनुहोस् । ती समुदायका अधिकारका बारेमा बुझाइ विकास गर्नुहोस् र उनीहरूका सुरक्षित, सक्रिय, न्यायसंगत र प्रभावकारी सामाजिक, आर्थिक र राजनीतिक सहभागितालाई समर्थन गर्नुहोस् । | राष्ट्र र क्षेत्रहरूमा वकालत र सरोकारवाला संलग्नतामा प्रयोगका लागि साझेदारहरूसँग लैङ्गिक र शक्तिको सहसिर्जनाको विश्लेषण गर्नुहोस् । |
| महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठनहरूको भूमिका र आकांक्षाहरु सूचीबद्ध गर्दै एउटा नक्सा विकास गर्नुहोस् र त्यसलाई नियमित रूपमा अद्यावधिक गर्नुहोस् । | परम्परागत श्रेणीगत दृष्टिकोणबाट अलग्गिएका क्षमता विकासका तरिकाहरु प्रयोग गर्नुहोस्, जस्तै सहकार्यान्वयन र अस्थायी पदस्थापन । | हिंसालाई बढाउने र सामान्य बनाउने सामाजिक नियमहरु परिवर्तन गर्न महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठन, विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरु, युवा र पुरुषहरूसँगको साझेदारीमा काम गर्नुहोस् । |
| पहुँच प्रवर्द्धन गर्न र सङ्कटासन्न तथा सीमान्तकृत महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको सहभागिता बढाउन महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठनहरूसँग काम र सहयोग गर्नुहोस् । | लैङ्गिक समस्या र सामाजिक समावेशीकरणमा काम गर्ने महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठनका विद्यमान क्षमताको पहिचान र सम्मान गर्नुहोस् । | साझेदारका लागि मुख्य आर्थिक कोषलाई सहयोग गर्नुहोस् र रूपान्तरणमूखी कार्यक्रमका लागि बजेटमा उत्थानशीलता ल्याउनुहोस् । |
| | महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरु तथा लैङ्गिक समावेशी सङ्गठनसँग सामाजिक परिवर्तनका लागि उनीहरूको वकालतमा काम गर्नुहोस् र समर्थन गर्नुहोस् । सञ्जालको सहजीकरण गर्नुहोस् र एकताभाव निर्माण गर्नुहोस् । | विश्वव्यापी नीति र समन्वय संयन्त्र भित्र स्थानीय साझेदारहरूको आवाज उठान गर्नुहोस् । |

## २. लैङ्गिकता र शक्तिको विश्लेषण र अनुकूलनशील योजना

| आपतकालको सुरुवात<br>लैङ्गिक संवेदनशीलता | ⟷ | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | ⟷ | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|---|---|

**मापदण्ड २.१**

समयमै आवश्यकअनुरूप र लैङ्गिक र शक्तिको विश्लेषण सुनिश्चित गर्ने

योजना बनाउनुहोस्, स्रोत जुटाउनुहोस् र द्रुत लैंगिक तथा शक्ति विश्लेषण लागू गर्नुहोस् र सम्भव भएसम्म, क्षेत्रीय प्रतिकार्यहरूमा अन्य संस्थाहरूसँग काम गर्नुहोस् ।

परियोजना चक्र, आकस्मिक योजना र अन्य योजनाहरु सूचित गर्न लिङ्ग,उमेर र अपाङ्गता छुट्याइएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नुहोस् ।

कार्यक्रम र संयुक्त कार्य सूचित गर्न नवप्रवर्तनयुक्त स्थानीय जानकारी र ज्ञान आदानप्रदान गर्ने मञ्च र संयन्त्रहरु स्थापना गर्नुहोस् ।

प्रभावित मानिसहरूको कमजोरी र क्षमताहरु (जस्तै, उमेर, अपाङ्गता, जातीयता, यौन झुकाव, र लैङ्गिक पहिचान/अभिव्यक्ति, स्थिति, आदि) परिभाषित गर्ने सुविधाहरूको मूल्याङ्कन गर्न अन्तरविभागीय वर्गिकरणको दृष्टिकोण प्रयोग गर्नुहोस् ।

व्यावहारिक र प्रभावकारी विश्लेषणले मानवीय योजना तथा कार्यान्वयनलाई मार्गदर्शन गर्ने परिवर्तन प्रक्रियाको सिद्धान्तलाई दर्शाउँछ भन्ने सुनिश्चित गर्नुहोस् ।

प्रतिक्रिया र प्रमाणीकरण गर्न महिला अधिकारवादी सङ्ठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरु, स्थानीय महिला समिति र अनौपचारिक महिला समूहहरूसँग संलग्न हुनुहोस् ।

अन्तरविभागीय लैङ्गिक र शक्ति विश्लेषणको आधारमा समन्वित र संयुक्त कार्यको अवसरहरु लिँदै अरूसँग मिलेर परिचालन, वितरण र कार्य गर्नुहोस् ।

सङ्कटहरु पूर्व, दौरान र पछिका परिवेशको प्रणालीगत र चालू विश्लेषण सञ्चालन गर्नुहोस् ।

औपचारिक (जस्तैः एकेडेमी, स्थानीय प्रशासन) र अनौपचारिक नारीवादी (जस्तै, महिला अधिकारवादी सङ्ठनहरु, महिला नेतृत्वका संस्थाहरु) संरचनाहरूमा लैङ्गिक र शक्ति विश्लेषण विशेषज्ञता एकीकृत गर्न संयन्त्रहरूको क्षमता सुधार र तिनको अस्तित्व सुनिश्चित गर्नुहोस् ।

**मापदण्ड २.२**

प्रमाणको आधारमा लैङ्गिक विशेष योजना र कार्यक्रम गर्न प्रतिबद्ध हुने

अक्सफामको देशीय रणनीतिहरु लिङ्ग, उमेर र अपाङ्गता छुट्याएका तथ्यांक र स्थानीय ज्ञानमा आधारित छ भन्ने सुनिश्चित गर्नुहोस् जसले सङ्कट रोकथाम, न्यूनीकरण र प्रतिकार्यको ढाँचा प्रदान गर्दछ ।

लक्ष्य, उद्देश्य र स्रोत व्यवस्थापनमा स्पष्ट हुन लैङ्गिकता र सामाजिक समावेशीकरण कार्य योजना निर्माण गर्नुहोस् । यो योजना समयसँगै र प्रतिकार्य बढ्दै जाँदा निर्माण हुन सक्छ ।

अक्सफामका देशीय रणनीतिहरु शक्ति र लैङ्गिक विश्लेषणमा आधारित छन् भन्ने सुनिश्चित गर्नुहोस् ।

सङ्कटको जोखिममा रहेका भौगोलिक क्षेत्रमा राष्ट्रस्तरको पूर्वतयारीमा ध्यान केन्द्रित गर्नुहोस् ताकि यो मानवीय आवश्यकताहरूसँग उपयुक्त होस् र सङ्कटहरूको प्रतिकार्यमा अनुकूलनशील काम गर्न सकियोस् ।

विश्वास र समझदारी विकास गर्न समय चाहिन्छ र यसलाई मानवीय कार्य, शान्ति, विकास सञ्जालसँग सम्बन्धित रणनीतिहरूमा समावेश गर्नुहोस् ।

लैङ्गिकता र शक्ति विश्लेषणका सामग्री र गुणस्तरलाई समेट्ने तथा हाम्रो विस्तार र प्रभावलाई सहज बनाउने सिकाइ मञ्च र ज्ञान व्यवस्थापन प्रणाली निर्माण गर्नुहोस् ।



# ३. लैङ्गिक पहल र कार्य

| आपतकालको सुरूवात<br>लैङ्गिक संवेदनशीलता | ⟷ | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | ⟷ | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|---|---|

## मापदण्ड ३.१
हामीले गर्ने सबै काममा लैङ्गिक मूलप्रवाहिकरणको सुनिश्चितता

सबै कार्यक्रम र प्रभावमा ठोस तथा निरन्तर लैङ्गिक मूल प्रवाहीकरणमार्फत महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका सबै मानिसहरूको आधारभूत आवश्यकताहरु पूरा गर्नुहोस् ।

अक्सफाम र सबै साझेदार कर्मचारीहरूलाई संरक्षण र सुरक्षित कार्यक्रम लगायत सबै कुरामा लैङ्गिक र सामाजिक समावेशीकरणलाई मूल रूपमा अघि सार्ने सम्बन्धी तालिम दिइएको सुनिश्चित गर्नुहोस् ।

अक्सफामका देशीय रणनीति र/अथवा कार्यक्रमहरूमा लैङ्गिकता विशेष र सामाजिक समावेशीकरण दृष्टिकोणहरु समावेश गराउनुहोस् ।

मानवीय प्रतिकार्यको मुख्य हिस्साको रूपमा एकल लैङ्गिक विशिष्ट र सामाजिक समावेशीकरण कार्यक्रम विकास गर्नुहोस् ।

लैङ्गिक असमानता र भेदभावका अन्तर्निहित कारणहरूलाई सम्बोधन गर्ने कार्यहरु विस्तार गर्ने र औपचारिक (नीति तथा कानुन) र अनौपचारिक (लैङ्गिक नियम, चलन) प्रणाली र लैङ्गिक भेदभाव, हिंसा र उत्पीडनको संरचनालाई सम्बोधन गर्नुहोस् ।

## मापदण्ड ३.२
सेवाहरूको समान पहुँच सुनिश्चित गर्ने र फरक प्रभाव र जोखिमहरूमा प्रतिकार्य दिने

सङ्कटासन्न र ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूसँग परामर्श गरेर र विशेष आवश्यकताहरु अनुकूल गरी मानवीय सेवाको समान पहुँच सुनिश्चित गर्नुहोस् ।

प्रभावित मानिसहरूलाई सेवा पहुँचमा सहज बनाउन समयमै, सही र सान्दर्भिक जानकारी प्रदान गर्नुहोस् र चेतना अभिवृद्धि गर्नुहोस् ।

विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरु, महिला, पुरुषहरूले कसरी परियोजना चक्रमा भाग लिन्छन् भनेर नियमित रूपमा अनुगमन गर्नुहोस् र उनीहरूलाई निर्णय लिने क्षमताको ग्यारेन्टी गर्ने गरी अर्थपूर्ण तरिकामा सहभागिता गरिएको सुनिश्चित गर्नुहोस् ।

प्रशिक्षण, रोजगारी र क्षमता निर्माणका अवसरहरूमा समान पहुँच सुनिश्चित गर्नुहोस् ।

समान र सुरक्षित पहुँचका लागि बाधा, अवरोध र जोखिमहरूको पहिचान गर्न र तिनलाई सँगै मिलेर पन्छ्याउने रणनीति विकास गर्न कार्यक्रम डिजाइनको क्रममा महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूसँग छलफल र सल्लाह गर्नुहोस् ।

परियोजना चक्रमा अपाङ्गता भएका व्यक्तिहरु लगायत लाभार्थीका विविध समूहहरूको सहभागिता बढाउने काममा महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूलाई सहयोग गर्नुहोस् ।

पैरवी योजनाहरूमा शान्ति निर्माण र द्वन्द्वपछिको पुनर्निर्माणमा महिला र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको सहभागिताका लागि वकालत गर्नुहोस् ।

प्रभावित महिलाहरु, विविधतायुक्त लैङ्गिक र यौनिक पहिचानका मानिसहरु र ऐतिहासिक रूपमा सिमान्तकृत समुहहरूलाई सेवाहरूको मूल्य श्रृंखलामा सङ्लग्न गराउनुहोस् ।

समावेशी समुदायको नेतृत्वमा निर्णय लिने क्षमता सुधार गर्नुहोस् र प्रदान गरिएका सेवाहरूको गुणस्तर र प्रकारमा प्रभाव कायम गर्नुहोस् ।

महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूद्वारा उच्च गुणस्तर र दिगो सेवा प्रावधानको निरन्तरता लगायत सामुदायिक संरचनाहरूमा सेवाहरूको प्रभावकारी हस्तान्तरणको योजना बनाउनुहोस् ।

## मापदण्ड ३.३
लैङ्गिक रूपान्तरणमूखी कार्यहरूतर्फको सक्रिय दृष्टिकोण अपनाउने

निम्न अवसरहरु पहिचान र उपयोग गर्न कर्मचारी र साझेदारहरूको क्षमता विकास गर्नुहोस्:

- उनीहरूले गर्ने सबै कुरामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण र
- मानवीय प्रतिकार्यका क्रममा लैङ्गिक रूपान्तरणमूखी र सामाजिक रूपले समावेशी कार्यहरूमा संलग्न हुनुहोस् ।

प्रभावित समुदायहरूसँग काम गर्दा स्रोतहरूको पहुँच र नियन्त्रण गर्न औपचारिक र अनौपचारिक अवरोधहरु हटाउने रणनीतिहरु पहिचान र डिजाइन गर्नुहोस् ।

नियमित नारीवादी संवादहरु मार्फत अक्सफामका कर्मचारी र साझेदारहरूको अन्तर्निहित पूर्वाग्रह, ज्ञान, मनोवृत्ति र अभ्यासहरु पत्ता लगाउनुहोस् ।

प्रभावित जनसंख्या भित्र विविध समूहहरूको अर्थपूर्ण संलग्नतासहित मानवीय सेवाका कार्यकर्ताहरूसँग काम गरेर पहुँचमा हुने अवरोधहरूको पहिचान गर्नुहोस् र तिनलाई पर्नुहोस् ।

महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसका सम्पूर्ण अन्तर्विभाजक पहिचानहरूमा अनुकूलयोग्य उत्थानशीलता वृद्धि गर्ने सेवाहरूको वितरण (अर्थात् निर्भरता) गर्दै अगाडि बढ्नुहोस् ।

शक्ति असन्तुलन निवारण गर्न र सामाजिक समावेशीकरण, लैङ्गिक न्याय र महिला अधिकारलाई अगाडि बढाउन, परिवर्तनको अगुवा र संवाहकका रूपमा विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका महिला र पुरुषहरूसँग संलग्न भएर काम गर्नुहोस् ।

निर्णय लिने काममा महिला र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको अर्थपूर्ण सहभागिता बढाउन र लैङ्गिक हिंसा रोक्न सहयोगीको रूपमा पुरुषहरूसँग मिलेर काम गर्नुहोस् ।

निजी र सार्वजनिक क्षेत्रमा सामुदायिक संलग्नता र कार्यक्रम मार्फत लैङ्गिक विभेदसँग लड्नुहोस् ।

स्रोतहरूको अधिक नियन्त्रणका लागि औपचारिक (नीति र कानुनहरु) र अनौपचारिक (लिङ्ग/सामाजिक समावेशीकरण मापदण्डहरु) अवरोधहरूलाई सम्बोधन गर्न प्रभाव कायम र वकालत गर्नुहोस् ।

सामाजिक नियमहरूमा अर्थपूर्ण परिवर्तन ल्याउने स्थानीय रूपमा सञ्चालित सहकर्मी सहायता संयन्त्रहरूलाई टेवा दिनुहोस् ।

प्रभावित महिलाहरु, विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिस, महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूका प्राथमिकता, समाधान र पहलहरूलाई तिनका समुदायमा परिवर्तन ल्याउन सामाजिक समावेशीकरण र लैङ्गिक रूपान्तरण वरपर रहेर सहायता गर्नुहोस् ।

रूपान्तरणमूखी मानवीय सेवालाई लैङ्गिक न्याय, शान्ति र विकास पहलहरूसँग जोड्नुहोस् ।

## ४. संरक्षण, सुरक्षित कार्यक्रम र लैङ्गिक हिंसा

| आपतकालको सुरूवात<br>लैङ्गिक संवेदनशीलता | ⟷ | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | ⟷ | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|---|---|

**मापदण्ड ४.१**
आन्तरिक यौन शोषण र दुर्व्यवहार रोकथाम/बाल संरक्षण/सुरक्षा नीतिहरूको पूर्ण पालना गर्ने

| | | |
|---|---|---|
| अक्सफाम र साझेदारहरूले कार्यस्थलमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने नीति र प्रक्रियाहरु लागू गर्नुहोस् । | यौन शोषण र दुराचारको रोकथाम/संरक्षण नीतिहरूको पूर्ण पालना गर्न निरन्तर प्रशिक्षण र कर्मचारी परामर्श सुनिश्चित गर्नुहोस् । | पदानुक्रमिक र पितृसत्तात्मक मान्यताहरूबाट मुक्त कार्यस्थल निर्माण र संरक्षण गर्ने नीति तथा अभ्यासहरु स्थापित गर्नुहोस् । · |
| मानव संसाधन नीतिहरूले सबै कर्मचारीहरूको सुरक्षालाई बढावा दिने र यौन शोषण र दुर्व्यवहार रोक्न सुनिश्चित गर्नुहोस् । | पीडितमुखी अभ्यासहरु, गोप्य रिपोर्टिङ प्रणाली र सूचना व्यवस्थाहरू भएको र कर्मचारीहरूलाई कसरी सन्दर्भ गर्ने भनेर थाहा भएको सुनिश्चित गर्नुहोस् । | नारीवादी कार्यस्थलका लागि सचेत सामाजिक नियम र व्यवहार परिवर्तन गर्नुहोस् । |
| सबै अक्सफाम र साझेदार कर्मचारीहरु (अन्तर्राष्ट्रिय र राष्ट्रिय) बीच नारीवादी कार्यस्थल नीति तथा अभ्यासहरूको सामाजीकिरणको विकास सुनिश्चित गर्नुहोस् । | अक्सफाम कर्मचारी र स्वयम् सेवकहरूद्धारा संरक्षण, ठगी वा शक्तिको दुरूपयोग सम्बन्धी उजुरीहरूलाई सम्बोधन गर्न व्यवस्थित सञ्चार र समन्वय सुनिश्चित गर्नुहोस् । | |

**मापदण्ड ४.२**
लैङ्गिक हिंसा सम्बन्धी उपाय र सुरक्षित कार्यक्रम पद्धन्ति एकीकृत गर्ने

| | | |
|---|---|---|
| विशेष आवश्यकता, क्षमता, खतरा र कमजोरीहरु पहिचान गर्न अन्तरविभागीय लैङ्गिक र शक्ति विश्लेषण (अरूहरूसँगको सहकार्यमा) सञ्चालन गर्नुहोस् । | सुरक्षित कार्यक्रम मूल्याङ्कनहरूले यौन शोषण र दुर्व्यवहारसँग सम्बन्धित विशेष जोखिमहरु पहिचान गर्ने र तिनको न्यूनीकरण गर्ने कार्यहरूको पहिचान सुनिश्चित गर्नुहोस् । | महिला, बालिका र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको सबै अन्तर्विभाजिय पहिचानमा हिंसालाई सामान्यीकरण गर्ने पितृसत्तात्मक सामाजिक मान्यताहरूलाई चुनौती दिनुहोस् । |
| अक्सफामका कर्मचारी र साझेदारहरूले हिंसा र दुर्व्यवहारबाट पीडित व्यक्तिहरूको मनोवैज्ञानिक प्राथमिक उपचारको प्रावधान सहितको खुलासाको हकमा उचित व्यवहार गर्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् । | महिला, बालिका र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको अन्तर्विभाजिय पहिचानमा लैङ्गिक हिंसा जोखिमको प्रकृति र तिनका मूल कारणहरु राम्रोसँग बुझ्न अनुसन्धानमा लगानी गर्नुहोस् । | सुरक्षित कार्यक्रम र लैङ्गिक हिंसा जोखिम न्यूनीकरणलाई लैङ्गिक असमानताका मूल कारणहरूसँग जोड्नुहोस् । |
| ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूले सहजै पहुँच पाउने गुनासो संयन्त्रहरु स्थापना गर्नुहोस् । | लैङ्गिक हिंसा रोकथाम र जोखिम न्यूनीकरण व्यावहारिक रूपमा कार्यान्वयन गर्न विद्यमान उपकरणहरु, प्रशिक्षण र प्राविधिक मार्गदर्शनको विकास र/अथवा परिचालन गर्नुहोस् । | वातावरणीय क्षति र जलवायु परिवर्तनको सामना गर्न महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्थाहरूसँग मिलेर काम गर्नुहोस् । |
| | सबै रणनीति र योजनाहरूमा प्रतिरोध र प्रतिक्रिया व्यवस्थापन सुनिश्चित गर्नुहोस् । | महिला, शान्ति र सुरक्षाको वकालतमा लैङ्गिक हिंसा र महिलाको सहभागितासँग सम्बन्धित GiE सम्बन्धी कार्यलाई जोड दिने सुनिश्चित गर्नुहोस् । कुप्रथा र लैङ्गिक हिंसाका मूल कारणहरूलाई चुनौती दिन पुरूषहरूसँग काम गर्नुहोस् । |

# ५. आवाज र अर्थपूर्ण सहभागीता

| आपतकालको सुरुवात<br>लैङ्गिक संवेदनशीलता | ⟷ | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | ⟷ | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|---|---|

## मापदण्ड ५.१

प्रभावित मानिसहरूको आवाज बुलन्द गर्ने र उनीहरूको सिफारिसमा काम गर्ने

**आपतकालको सुरुवात – लैङ्गिक संवेदनशीलता**

प्रतिकार्यको प्रारम्भिक चरणमा डिजाइन बारे सूचित गर्न निम्न कुराको पहिचान गर्न प्रभावित जनसंख्यासँग छलफल र सल्लाह गर्नुहोस् :

- सामुदायिक सहभागिता संयन्त्रहरु
- जनसहभागितालाई प्रेरित गर्ने र रोक्ने स्थानीय लैङ्गिक नियमहरु
- महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसका आवाज उठाउने तरिकाहरु
- सामुदायिक निर्णय लिन युवा संलग्नताको स्तर
- निर्णय लिने संरचनाहरूमा समान र सुरक्षित सहभागिताका लागि बाधा, अवरोध र जोखिमहरु ।

प्रभावित महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूसँग मान्यता बारे छलफल र पुष्टि गर्न र सांस्कृतिक रूपमा विकास गर्नका लागि अवरोध र जोखिमहरु सम्बोधन गर्ने संवेदनशील रणनीतिहरु र नियमित संवाद संयन्त्र स्थापना गर्नुहोस् ।

**मानवीय प्रतिकार्य – लैङ्गिक प्रतिकार्यात्मक**

महिला, पुरुष, विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिस र महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाका आवश्यकता, चिन्ता र कसरी प्रतिकार्य गर्ने भन्ने बारेमा बुझ्न तिनलाई स्पष्ट र ध्यानपूर्वक सुन्नुहोस् । सङ्कटको प्रभाव समुदायका सदस्यहरु बीच कसरी फरक हुन्छ भन्ने कुरामा विशेष ध्यान दिनुहोस् ।

कार्यक्रमका योजना, कार्यान्वयन र प्रभावमा संलग्न हुन प्रभावित मानिसका लागि दोहोरो सञ्चार, सिकाइ र प्रतिकार्य स्थलहरु स्थापित गर्नुहोस् ।

विश्व, राष्ट्र र कार्यक्रम स्तरीय रणनीतिहरूका लागि मार्गदर्शनको रूपमा सामुदायको आवाजको उठान र आवाज बुलन्द गर्नुहोस् ।

**लामो समयसम्म चल्ने सङ्कट – लैङ्गिक रूपान्तरणमूखी**

मानवीय प्रतिकार्य भित्र र बाहिर थप समानता ल्याउन र दीर्घकालीन रूपमा शक्ति संरचनाहरु परिवर्तन गर्न महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरु र क्षेत्रीय महिला शासन समितिहरूलाई शक्ति, अधिकार र निर्णय बाँडफाँडमा सरिक गराउनुहोस् ।

समुदाय, महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूले प्रयोग गरेका विद्यमान संयन्त्र र स्थानहरूलाई समर्थन गर्नुहोस् र तिनलाई अन्य सीमान्तकृत समूहहरूप्रति समावेशी भएर प्रस्तुत हुन मद्दत गर्नुहोस् ।

## मापदण्ड ५.२

महिला अधिकारवादी संघसंस्था र महिला नेतृत्वका सङ्गठनहरूसँग मानवीय कार्यमा संलग्न हुने

**आपतकालको सुरुवात – लैङ्गिक संवेदनशीलता**

महिला, विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरु र तिनका स्थानीय समूहहरूसँग छलफल र सल्लाह गर्न आवश्यक सम्भावित लाभार्थीहरूको रूपमा मात्र नभई क्षमता र प्रतिकार्यमा महत्वपूर्ण भूमिकाको रूपमा आवद्ध हुनुहोस् ।

परामर्श र निर्णय लिने ठाउँहरूमा विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसका लागि महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूलाई जुटाउनुहोस् ।

मानवीय स्थानहरूमा उनीहरूका आवाज समावेश गरिएको छ भन्ने सुनिश्चित गर्न शान्ति र विकास कार्यकर्ताहरूसँग सहकार्य गर्नुहोस् ।

साझेदारी र तथ्याङ्क सङ्कलन कार्य शोषणकारी नभई आपसी लाभदायक छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।

**मानवीय प्रतिकार्य – लैङ्गिक प्रतिकार्यात्मक**

परामर्श र परियोजना निर्माण प्रक्रियाहरूमा महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूको व्यापक समावेशीकरण र सहभागिता बढाउनुहोस् ।

प्रणाली र प्रक्रियाहरूमा अत्यधिक आर्थिक स्रोतको पहुँच गर्न र दाताका आवश्यकताहरु पूरा गर्न महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूका लागि क्षमता विकासमा लगानी गर्नुहोस् ।

**लामो समयसम्म चल्ने सङ्कट – लैङ्गिक रूपान्तरणमूखी**

महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूका तत्काल आवश्यकता र रणनीतिक चासोहरूको समाधानका लागि पर्याप्त स्रोत सुनिश्चित गर्नुहोस् ।

महिला, विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिस, महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूलाई राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्तरमा निर्णय लिने ठाउँमा प्रत्यक्ष रूपमा सहभागी हुन सशक्त बनाउनुहोस् । उनीहरूको प्राथमिकताका आधारमा सहसिर्जना कार्य गर्नुहोस्, केवल सम्मेलनहरूमा आमन्त्रित गरेर मात्र होइन ।

# ६. GiE का प्रभावकारी स्रोतहरू

| आपतकालको सुरुवात<br>लैङ्गिक संवेदनशीलता | ⟷ | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | ⟷ | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|---|---|

## मापदण्ड ६.१

GiE का लागि पर्याप्त र अनुकूल आर्थिक स्रोत र सहायता सुनिश्चित गर्ने

निम्नका लागि कोष विनियोजन गर्नुहोस् :
- लैङ्गिक मूलप्रवाहीकरण गतिविधिहरु
- द्रुत लैङ्गिक र शक्ति विश्लेषण
- लैङ्गिक र सामाजिक समावेशीकरण कर्मचारीहरु नियुक्ति गर्ने
- महिलाहरूसँग छलफल र सल्लाह गर्ने
- समुदायको संलग्नता ।

समर्पित विशेषज्ञता वा वरिष्ठ पदहरु मार्फत प्राविधिक रूपमा लैङ्गिक र सामाजिक समावेशीता सहायता सुनिश्चित गर्नुहोस् ।

स्थलगत क्षेत्रहरूमा लैङ्गिक सन्तुलित टोलीहरु खटाउनुहोस् ।

प्रमाण र सिकाइको अनुगमनका लागि उचित बजेट सुनिश्चित गर्नुहोस् ।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि छुट्टै गतिविधिहरूका साथै समावेशी र प्रभावकारी कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गर्नुहोस् ।

प्रभावित बालिका, युवती, महिला र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसका पहलका लागि पर्याप्त स्रोतको अनुमति दिन बजेट निर्माण गर्नुहोस् ।

बालिका, युवती, महिला र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूलाई आर्थिक सहायता र कोष कसरी प्रदान गरिन्छ भन्ने निर्णयहरूमा समावेश गर्नुहोस् ।

स्थानीय महिला अधिकारकर्मीहरूलाई उत्थानशील र दीर्घकालीन मुख्य कोष निरन्तर उपलब्ध गराउनुहोस् । नवप्रवर्तन र परीक्षण गर्ने प्रयोगात्मक विधिहरूका लागि कोष परिचालन गरी उपलब्ध गराउनुहोस् ।

महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूलाई मानवीय प्रतिकार्यको कार्यान्वयनमा नेतृत्व लिन सक्षम बनाउनुहोस् ।

न्युनतम लालफित्ताशाही र कर्मचारीतन्त्रयुक्त महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्था र नारीवादी नेटवर्कहरूसँग साझेदारी गर्न अक्सफामका प्रक्रिया र काम गर्ने तौरतरिकाहरूको नियमित समीक्षा गर्नुहोस् ।

## मापदण्ड ६.२

विविधतायुक्त पृष्ठभूमिका कर्मचारीहरूलाई आकर्षित गर्न र कायम राख्न सक्षम वातावरण सिर्जना गर्ने

लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि अनुभव, समझदारी र प्रतिबद्धतामा आधारित कर्मचारी नियुक्ति गर्नुहोस् ।

नियमित तालिम प्रदान गर्नुहोस्, साथै अवलोकनमा आधारित सिकाइ, कोचिङ र परामर्श जस्ता अनौपचारिक सहयोग तथा GiE मापदण्डहरु समावेश गरिने प्रारम्भिक सामग्रीहरु उपलब्ध गराउनुहोस् ।

साझेदार र कर्मचारीहरूसँग लैङ्गिक मुद्दाहरूमा नियमित विचार-विमर्श गर्नुहोस् ।

लैङ्गिक दृष्टिकोणबाट सन्तुलित र विविधतायुक्त टोलीहरु भएको सुनिश्चित गर्नुहोस् । सरल र सहज अनुगमनका लागि राष्ट्रिय कानुन अनुरूप लिङ्ग र अन्य विविधताका पक्षहरु (जस्तै उमेर, जातीयता, आदि) अनुसार सबै कर्मचारी तथ्याङ्कलाई छुट्याउनुहोस् ।

अन्तर-एजेन्सी स्थायी समिति (IASC) लैङ्गिक पुस्तिका र लैङ्गिक हिंसा सम्बन्धी निर्देशिका कार्यान्वयन गर्न कर्मचारीको क्षमता र आत्मविश्वास विकास गर्नुहोस् र लैङ्गिक हिंसा एवं यौन शोषण र दुर्व्यवहारका सम्भावित जोखिमहरु पहिचान गर्नुहोस् ।

कर्मचारीको सामाजिक समावेशीकरण र लैङ्गिक मुद्दाहरु, जस्तैः अन्तरसम्बन्ध (intersectionality), नारीवाद (feminism), र उपनिवेशवाद-मुक्ति (decolonization) आदिको ज्ञानलाई अझ गहन बनाउने

सामाजिक र लैङ्गिक समावेशीकरण सम्बन्धमा कर्मचारीहरूको जिम्मेवारीका बारेमा स्पष्टता सुनिश्चित गर्नुहोस् र कार्यसम्पादन व्यवस्थापनमा लिङ्ग विशिष्ट लक्ष्यहरु समावेश गर्नुहोस् ।

आफ्नो दैनिक काममा नारीवादी सिद्धान्तहरूलाई अपनाई राख्न र व्यक्ति र राष्ट्रको कार्यसम्पादन समीक्षा मार्फत यसको अनुगमन गर्न कर्मचारीहरूलाई सहयोग गर्नुहोस् ।

लैङ्गिक मूलप्रवाहीकरणको जिम्मेवारी लैङ्गिक प्रमुख/टोलीबाट कार्यक्रम निर्देशकहरु, संयोजकहरु र व्यवस्थापकहरूलाई हस्तान्तरण गर्ने – जसको अन्तिम जवाफदेहिताको जिम्मेवारी देशीय निर्देशकहरूमा पुग्नेछ।

अभिभावकीय बिदा प्रदान गर्नुहोस् र अभिभावकहरूका लागि लचिला काम गर्ने विकल्पहरु उपलब्ध गराउनुहोस् जसमा स्थलगत स्तरका कर्मचारी पनि पर्छन् ।

महिलाहरूको आवेदन बढाउन स्थानान्तरणका लागि प्रोत्साहन गर्नुहोस् ।

वृहत्तर लैङ्गिक समानता र विविधताका लागि कर्मचारी कोटाप्रति प्रतिबद्धता जनाउनुहोस् ।

स्थानीय मानवीय नेतृत्व क्षमता विकास सिद्धान्तहरु प्रयोग गर्दै प्राविधिक उपकरण र अधिकारमा आधारित सहभागितामूलक दृष्टिकोणहरु प्रयोग गरेर पितृसत्तालाई चुनौती दिन र शक्ति परिवर्तन गर्न अक्सफामका कर्मचारी र साझेदारहरूको क्षमतालाई सुदृढ गर्नुहोस् ।

देशीय कार्यालयका मानवीय सेवाको प्रतिकार्यमा महिला नेताहरूको समतामूलक प्रतिनिधित्व बढाउनुहोस् ।

लैङ्गिक रूपान्तरणमूखी परिवर्तनका लागि अवसर, सञ्जाल र गठबन्धनहरूको पहिचान गर्न महिला अधिकारवादी सङ्गठन, महिला नेतृत्वका संघसंस्था र महिला समावेशी संस्थाहरूसँग मिलेर काम गर्नुहोस् ।

# ७. समावेशी सामाजिक परिवर्तनका लागि अनुगमन, ज्ञान र सिकाइ

| आपतकालको सुरुवात<br>लैङ्गिक संवेदनशीलता | मानवीय प्रतिकार्य<br>लैङ्गिक प्रतिकार्यात्मक | लामो समयसम्म चल्ने सङ्कट<br>लैङ्गिक रूपान्तरणमूखी |
|---|---|---|

**मापदण्ड ७.१**
मानवीय सेवाका निर्णय लिने र कार्यहरु सूचित गर्न प्रमाणहरु निर्माण गर्ने

| | | |
|---|---|---|
| लिङ्ग, उमेर र अपाङ्गता अनुसार छुट्याइएको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नुहोस् र कार्यक्रमलाई सूचित गर्न यसको प्रयोग गर्नुहोस् । | विश्लेषणमा थप विविधता कारकहरु सहित अन्तर्विभाजक दृष्टिकोणबाट तथ्याङ्क छुट्याउनुहोस् । | सिकाइ प्रक्रियामा प्रभावित मानिसहरुका अन्तर्दृष्टिहरु समावेश गर्न थप सहभागितामूलक, समावेशी र सहयोगी सूचकहरु तयार र तिनको प्रयोग गर्नुहोस् । |
| स्थानीय ज्ञान र अनुभवलाई निर्णय लिने र कार्यको लागि अर्थपूर्ण स्रोतको रूपमा मान्ने र प्रयोग गर्नुहोस् । | संयुक्त अनुसन्धान र मूल्याङ्कन प्रस्ताव तयार गर्न छनोट गरिएको ढाँचा, प्रवृत्ति र विषयहरुमा यस क्षेत्रका अन्य मानवीय कार्यकर्ताहरुसँग तथ्याङ्क आदानप्रदान गर्नुहोस् । | उत्थानशीलता सम्बन्धी मानवीय कार्यक्रमको एकीकृत प्रभावमा दीर्घकालीन र दिगो अध्ययनहरु सञ्चालन गर्नुहोस् । |
| अन्य सरोकारवालाहरुसँग तथ्याङ्क आदानप्रदान गर्नुहोस्, नक्कल नहोस् भनेर संयुक्त रूपमा विश्लेषण गर्नुहोस् र विद्यमान तथ्याङ्कको प्रयोग गर्नुहोस् । | सबै मूल्याङ्कनहरुमा द्रुत सङ्ख्यात्मक तथ्याङ्कको साटो गुणात्मक र सहभागीमूलक तथ्याङ्क सङ्कलन बढाउनुहोस् । | परिवर्तन मापन गर्ने आफ्नो क्षमता विकास गर्न साझेदार र समुदायहरुलाई सहयोग गर्नुहोस् । |
| | अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाइमा प्रभावित महिला, पुरुष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसको संलग्नतालाई मान्यता दिनुहोस् । | |

**मापदण्ड ७.२**
दीर्घकालीन परिवर्तनमा योगदान गर्न निरन्तर परिवर्तन मापन गर्ने

| | | |
|---|---|---|
| परियोजना चक्रभर लिङ्ग, उमेर र अपाङ्गताका आधारमा तथ्याङ्कलाई न्यूनतम रूपमा छुट्याएर विश्लेषण गर्नुहोस् । | व्यावहारिक र रणनीतिक आवश्यकताहरु पूरा भएको सुनिश्चित गर्न परिणाम स्तरका परिवर्तनहरु समग्र रूपमा मापन गर्नुहोस् । | परिवर्तन कसरी भयो सोको दस्तावेजीकरण गर्नुहोस् र यस सिद्धान्तलाई प्रतिरोध र प्रतिक्रियालाई सम्बोधन गर्ने रणनीतिहरुमा समावेश गर्नुहोस् । |
| अनुकूलनीय कार्यक्रमहरुमा परिवर्तन र प्रभाव देखाउन गुणात्मक र सत्यात्मक तथ्याङ्कहरुलाई परिपूरक रूपमा प्रयोग गर्नुहोस् । | GiE कार्यक्रमको अनुगमन र मूल्याङ्कनको समयमै योजना निर्माण र कार्यान्वयनका लागि स्रोतहरुको बाँडफाँड गर्नुहोस् । | असमान शक्ति सम्बन्धहरुलाई चुनौती दिन र लैङ्गिक पहिचान एवं भूमिकाहरु सम्बन्धी मान्यताहरुलाई प्रश्न, अनुगमन र मूल्याङ्कन गर्न नारीवादी सिद्धान्त अङ्गीकार गर्नुहोस् । |
| | सहभागी प्रारम्भिक (पाइलट) अनुसन्धानका लागि स्रोत र सहायता जुटाउनुहोस् । | |

# ४. न्यूनतम संस्थागत आवश्यकता

GiE मापदण्डहरु कार्यान्वयन गर्न तोकिएको ठोस तरिका यही नै हुनुपर्छ भन्ने नभएता पनि कन्फेडेरेसनमा एकरूपता सुनिश्चित गर्न अक्सफामका प्रत्येक देशीय कार्यालय र टिमले पूरा गर्नुपर्ने न्यूनतम आवश्यकताहरु छन् :

१ लैङ्गिक समानता र नारीवादी संगठनात्मकको संस्कृति सम्बन्धी अक्सफामका नीति एवं प्रक्रियाहरूको पूर्ण पालना ।

२ GiE का लागि न्यूनतम १५% रकम विनियोजन गर्ने ।

३ प्रत्येक कर्मचारीका लागि लैङ्गिक विशिष्ट कार्यसम्पादन लक्ष्यहरु लगायतको लैङ्गिक प्रतिक्रियात्मक कार्यसम्पादन, व्यवस्थापन, समीक्षा र मूल्याङ्कन ।

४ लैङ्गिक तथा सामाजिक समावेशीता बारे सिक्नका लागि औपचारिक र अनौपचारिक स्थान (जस्तै, सिकाइ आदानप्रदान गर्ने स्थल र सत्र) र संरचना (जस्तै, टिम वा अनलाइन सहकर्मी समूह) ।

५ सबै कर्मचारी र साझेदारका लागि प्रशिक्षण, कोचिङ, कक्षा र कार्यस्थलमा दिइने तालिम जस्ता नियमित लैङ्गिक सिकाइ ।

६ सबै स्थानहरूमा लैङ्गिक टोली, जसको लैङ्गिक न्याय र GiE कार्यबीच स्पष्ट प्रतिवेदन सम्बन्ध र कार्यप्रणाली होस् । साथै, प्लेटफर्ममा लैङ्गिक प्रमुखहरु र GHT लैङ्गिक टोली लगायत अन्य टिम र संरचनाहरूसँग सहमत कार्य प्रणाली ।

७ महिला आन्दोलन र स्थानीय महिला अधिकारवादी सङ्गठन र महिला नेतृत्वका संघसंस्थाहरूसँग औपचारिक र/अथवा अनौपचारिक सल्लाहकार र पृष्ठपोषण संयन्त्रहरु ।

८ प्रतिकार्यको केन्द्रमा रहेर महिला अधिकारवादी सङ्गठन र महिला नेतृत्वका संघसंस्थाहरूसँग औपचारिक र अनौपचारिक साझेदारी ।

९ सबै र जुनसुकै कार्यको आधार र औचित्यको रूपमा लैङ्गिक र शक्तिको विश्लेषण । निम्न तथ्याङ्क लगायत नियमित रूपमा अद्यावधिक गरिएको देशीय 'जेण्डर स्न्यापसट' विश्लेषण पनि आवश्यक छ :

- क. लैङ्गिक समानतासँग सम्बन्धित राष्ट्रिय कानुन र नीतिहरु;
- ख. स्थानीय नियम, मान्यता र चलनहरु;
- ग. स्रोत र निर्णय लिने संरचनाहरूको पहुँच र नियन्त्रणका लागि लैङ्गिक-विभाजित तथ्याङ्क र
- घ. महिला, पुरूष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसका आवश्यकता, क्षमता र आकांक्षाहरु ।

१० अन्तर-एजेन्सी समन्वयमा सक्रियता र नारीवादी स्थानीय नागरिक समाज र अन्य स्वतन्त्र मानवीय सेवामा योगदान गर्ने कार्यकर्ताहरूका लागि सुरक्षित स्थानहरु व्यवस्थापन गर्ने ।

# परिशिष्टहरू

## परिशिष्ट १: नारीवादी सिद्धान्त

**शक्तिको साझेदारी**

हामी सङ्गठन भित्रका शक्ति र विशेषाधिकार बारे जानकार छौं, असन्तुलित शक्ति संरचनालाई चुनौती दिन्छौं र विश्वको दक्षिणी भुभागमा बसोबास गर्ने विशेषगरी महिला तथा विविध लैङ्गिक पहिचान भएका, लैङ्गिक समानताको पक्षपोषण गर्ने व्यक्तिहरूलाई नेतृत्व प्रदान गर्न सक्ने वातावरण सिर्जना गर्छौं ।

**व्यक्तिगत विषयहरू राजनीतिक पक्षसँग गाँसिएका हुन्छन्**

पितृसत्ता, स्वेत जातिको सर्वोच्चता, जातिवाद, नव-उदारवाद एवं उपनिवेशवाद र यिनको शक्तिको दुरूपयोग, बहिष्करण र उत्पीडन जस्ता विभिन्न अभिव्यक्तिहरूलाई चुनौती दिने कार्य आफैलाई प्रश्न गर्ने र आफ्नै परिवर्तनबाट सुरू हुन्छ भन्ने मान्छौं । यी सबै ठूला प्रणालीहरूको स्वाभाविक हिस्सा हौं र हाम्रो विश्वास, कार्य, मनोवृत्ति र व्यवहारले या त अन्यायलाई मलजल गर्न सक्छ वा समानतालाई अगाडि बढाउन सक्छ । व्यक्तिगत, संस्थागत र सामाजिक रूपान्तरण आपसमा अन्तरसम्बन्धित हुन्छन् । यहाँ कुनै निजी मुद्दाहरु छैनन् भन्ने हामीलाई थाहा छ ।

**नारीवाद स्थानीय-विश्वव्यापी आन्दोलन हो**

हामी नारीवाद(हरु) लाई संसारभर पितृसत्ता र यसका विभिन्न रूपहरूको विरोध गर्ने प्रतिरोधी आन्दोलनका रूपमा बुझ्छौं । हामी नारीवादी कार्यकर्ताहरूको विविधता र हाम्रा कार्य र नीतिहरूले उनीहरूका कामलाई कमजोर बनाउन/नक्कल गर्ने/उपेक्षा गर्ने कार्य गर्नु हुँदैन भन्ने कुराको महत्व बारे जानकार छौं । हामीले स्थानीयकरणको दृष्टिकोण अङ्गीकार गरेका छौं र लैङ्गिक असमानता अन्त्य गर्ने सम्बन्धी वकालत गर्ने एक अन्तर्राष्ट्रिय पक्षका रूपमा हाम्रो जिम्मेवारी रहेको छ भनेर बुझेका छौं ।

**हामी बिना हाम्रो केही नै छैन**

हामी महिला वा अन्य लैङ्गिक पहिचान भएका मानिसका अधिकारका मुद्दाहरूलाई हाम्रो आफ्ना प्रयोजनका लागि प्रयोग नगर्ने कुरा सुनिश्चित गर्न उत्तरदायी छौं । महत्वपूर्ण कुरा त के छ भने हामीले सञ्चालन गरेका कार्यक्रम र अभियानहरूले प्रभाव पार्ने हाम्रा सहयोगी, महिला तथा लैङ्गिक विविधता भएका मानिसलाई ती निर्णयहरूमा पूर्ण र प्रत्यक्ष सहभागी गराउने कुरा सुनिश्चित गर्दछौं । हामी उनीहरूले आफ्नो लागि बोल्न सकून् भनेर त्यस्ता स्थान र अवसरहरूका लागि अभियान चलाउँछौं ।

**पुरूष र पुरूषत्वसँगको संलग्नता**

नारीवाद सबैको लागि हो । हामी पुरूष विशेषाधिकार र विषाक्त पुरूषत्व लगायत लैङ्गिक नियम र संरचनाहरूलाई सम्बोधन गर्न काम गर्छौं । महिला र फरक लैङ्गिक पहिचान भएका मानिसहरु पितृसत्ताबाट सबैभन्दा धेरै प्रभावित रहने भएता पनि यो कुरा पुरूषहरूका लागि पनि हानिकारक हुन सक्छ ।

**लैङ्गिक न्याय बिना आर्थिक, सामाजिक र वातावरणीय न्याय हुँदैन**

सबै किसिमका बहिष्करण र दमनहरु समाप्त गर्नका लागि हामीले सामाजिक र आर्थिक प्रगति आपसमा अन्तरसम्बन्धित छन् भनेर बुझ्नु आवश्यक छ । यसको अर्थ सकारात्मक अधिकारको सन्दर्भमा हाम्रो सामूहिक हितका बारेमा पुनर्विचार गर्नु हो जसमा पूर्ण सहभागिता, पूर्ण मुक्ति र अरूको पूर्ण सम्मान जस्ता कुरा पर्दछन् ।

**विविधता र समावेशीकरण – लैङ्गिक मूलप्रवाहीकरण र अन्तरविभागीय विश्लेषण**

हामी विविधताको सम्मान गर्छौं र प्रोत्साहन गर्दछौं । भित्रैबाट र हामीसँग काम गर्ने समुदायहरूमा सबै प्रकारका भेदभावलाई चुनौती दिन्छौं । एकल मुद्दाको संघर्ष जस्तो कुनै कुरा हुँदैन भन्नेमा हामी जानकार छौं र सबै मानिसहरूको समानतामा जोड दिन्छौं जहाँ फरक हुनु भनेको कम मूल्यको हुनु होइन । हामी विविध पृष्ठभूमिका मानिसहरूले हाम्रो सङ्गठनमा ल्याउने समृद्धिमा विश्वास गर्छौं ।

**सुरक्षा**

हामी अक्सफाममा र अक्सफामसँग काम गर्ने सबै मानिससँग सुरक्षित वातावरणको अधिकार छ भन्ने विश्वास गर्छौं । यसको अर्थ मूर्त र भर्चुअल स्थानहरूमा शारीरिक र भावनात्मक दुवै सुरक्षा हुनु पर्दछ जहाँ यौन उत्पीडन, यौन दुर्व्यवहार, यौन शोषण, धम्की, अवाञ्छित भीडभाड र शक्ति दुरुपयोगको जुनसुकै अन्य तरिका सह्य हुँदैन । यस बाहेक, मानिसले आफ्ना चिन्तालाई अत्यन्तै सम्मान, महत्वका साथ र तुरून्तै व्यवस्थापन गरिने छ भन्ने जानेर शक्ति दुरूपयोगका जुनसुकै घटनाहरु रिपोर्ट गर्ने कार्यमा सुरक्षित महसुस गर्नुपर्छ ।

**हेरचाह र ऐक्यबद्धता**

हामी पदानुक्रमिक र पितृसत्तात्मक मान्यताहरूबाट स्वतन्त्र रहेका स्थानको प्रवर्द्धन गर्छौं र हामीबिच रहेका भिन्नताहरूको सम्मान गर्दै सबैसँग समान अधिकार रहेको कुरा बुझ्ने प्रतिबद्धता गर्छौं । हामी व्यक्तिगत हित र स्व-हेरचाहको महत्वलाई मानव अधिकार र अरूका अधिकारको सम्मान कायम राख्ने राजनीतिक कार्यका रूपमा तथा हाम्रो काम र व्यक्तित्वको प्रभावकारिता र दिगोपनाका लागि आवश्यक तत्वका रूपमा काम गर्छौं । हामी एकअर्काको हेरचाह, सम्मान, सहयोग र ऐक्यबद्धताका साथ उत्थान गर्न प्रतिबद्ध छौं ।

**स्वतन्त्रताको प्रतिकका रूपमा विकास**

हामी प्रतिशोध, नियन्त्रण वा प्रतिबन्धको डर बिना राय र विचारहरु व्यक्त गर्न हाम्रो स्वतन्त्रता र हामी वरपरका मानिसहरूको स्वतन्त्रतालाई अँगाल्छौं । स्थानीय संलग्नता र स्वायत्ततालाई स्वतन्त्र रूपमा काम गर्ने अधिकार र आफ्नै निर्णयहरु गर्ने क्षमताका रूपमा लिन्छौं र यससँग आउने जिम्मेवारीलाई स्वीकार गर्छौं ।

**सबै किसिमका लैङ्गिक हिंसाको उन्मूलन**

हामी लैङ्गिक हिंसालाई विश्वव्यापी रूपमा मानव अधिकारको अत्यन्त व्यापक र प्रचलित उल्लङ्घनको रूपमा लिन्छौं । हिंसा बढाउने र हिंसालाई सामान्य सोच्ने सामाजिक मान्यताहरु परिवर्तन गर्न नारीवादी तथा महिला अधिकारवादी सङ्गठनहरु, युवा र पुरूषहरूसँगको साझेदारीलाई सुदृढ गर्न प्रतिबद्ध छौं । साथै, अन्तर्राष्ट्रिय मापदण्डहरु पूरा गर्न तत्पर भूमिका निभाउनेहरूलाई जवाफदेही बनाउने, लैङ्गिक हिंसालाई सम्बोधन गर्न कानुन तथा नीतिहरूको निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्ने तथा पीडितहरूलाई पुनर्स्थापनाको यात्रामा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्छौं ।

# परिशिष्ट २ : अक्सफामको मानवीय कार्यदृष्टिका चार स्तम्भ

अक्सफामले यस क्षेत्रका विद्यमान प्रवृत्तिहरु र परिवर्तनको नेतृत्व गर्ने हाम्रो प्रतिबद्धतालाई मध्यनजर गर्दै मानवीय कार्यदृष्टि विकास गरेको छ ।

## सामुदायिक संलग्नता

**सङ्कटमा रहेका समुदायहरू आफ्नै अस्तित्व र प्रतिकार्यका मुख्य पक्षहरू हुन् । यसको अर्थः**

प्रभावित मानिसहरूलाई उनीहरूका आवश्यकताहरु पूरा गर्न स्रोतहरु कसरी प्रयोग गरिन्छ भन्ने ज्ञान र नियन्त्रण लिन आवश्यक छ ।

प्रतिकार्यहरु आवश्यकता, प्रत्यक्ष प्रभावित मानिसका क्षमता, संलग्नता एवं सहभागिता अनुसार निर्माण गरिनु पर्छ ।

प्रतिकार्यहरु समुदायका गतिशीलता, प्रणाली र संरचनाहरूको बुझाईमा आधारित हुनुपर्छ ।

यसका लागि समुदायका कुरा सुन्ने र उनीहरूसँग संवाद गर्न आवश्यक छ ।

यसले प्रतिकार्यलाई समुदायहरूसँगको संलग्नता र उनीहरु मार्फत काम गर्न सम्भव तुल्याउँछ जसले प्रभाव र परिणामलाई अझै दिगो बनाउँछ ।

तथापि, विश्लेषणहरूले समुदाय भित्रको शक्ति असन्तुलनलाई कसरी सम्बोधन गर्ने, सीमान्तकृत र सङ्कटासन्न मानिसका आवाजलाई कसरी बुलन्द गर्ने भन्नेमा ध्यान दिनुपर्छ ।

## सुरक्षित कार्यक्रम

**अक्सफाम मानवीय सेवाका कार्यले अनजानमा नोक्सान नपुऱ्याओस् भन्ने सुनिश्चित गर्न चाहन्छ । यसको अर्थः**

यौन शोषण र लैङ्गिक हिंसाका अन्य तरिका लगायतका जोखिम रोकथाम गर्ने वा न्यूनीकरण गर्ने ।

द्वन्द्व-संवेदनशील व्यावहार गर्ने र मानवीय सिद्धान्तहरु अपनाउने ।

स्थलगत टोलीहरूले निरन्तर रूपमा जोखिम व्यवस्थापन गर्नुपर्छ ।

यसका लागि सबै कार्यक्रमका कर्मचारीहरूले जोखिमलाई बुझ्न, मूल्याङ्कन गर्न र अनुगमन गर्न आवश्यक छ ।

हामी आफ्ना सुरक्षित कार्यक्रमहरु समुदायमा र हाम्रो कामलाई नियमन गर्ने अधिकारीहरूलाई प्रस्तुत गर्नेछौँ ।

## साझेदारी र स्थानीय नेतृत्व

**अक्सफामले सहयोगात्मक र समावेशी मानवीय वातावरण भित्र काम गर्ने परिकल्पना गर्दछ । यसको अर्थः**

स्थानीय र राष्ट्रिय समूहहरूले नेतृत्व लिने, कार्यक्रमहरूलाई आकार दिने र आफ्ना क्षेत्रहरूमा प्रभाव पार्ने

प्रतिस्पर्धा गर्नुको सट्टा एकअर्काको सबलता पहिचान र प्रशंसा गर्ने अन्तर्राष्ट्रिय सङ्गठनहरु ।

स्थानीय नेतृत्वका लागि अवसर सिर्जना गर्ने, हाम्रा कार्यक्रमहरूमा साझेदारहरूलाई केवल ठेकेदारको रूपमा प्रयोग गर्ने कार्यलाई न्यूनीकरण गर्ने ।

अचानक आइपर्ने आपतकालीन परिस्थितिहरूमा नेतृत्व र सञ्चालन भूमिकाबाट सकेसम्म छिटो र सुरक्षित रूपमा बाहिरिने ।

समुदायहरूलाई तिनका आपतकालीन अवस्थामा पूर्वतयारी र प्रतिकार्य सुदृढ बनाउन सघाउने ।

अक्सफामले विविधतायुक्त समूह र नेटवर्कका लागि थप अवसर र प्रभाव दिलाउने एजेन्टको रूपमा काम गर्नेछ ।

## नारीवादी दृष्टिकोण

**अक्सफाम लैङ्गिक मान्यताहरूमा आधारित असमानताका मूल कारणहरूलाई चुनौती दिन प्रयासरत छ । यसको अर्थः**

नारीवादी नेतृत्व र अभ्यासहरूप्रति प्रतिबद्ध छ ।

हाम्रो शक्तिले हाम्रो कार्यलाई कसरी असर गर्छ, यसले कसलाई फाइदा गर्छ र कसलाई छोड्छ भनेर निरन्तर प्रश्न गर्ने ।

हाम्रो सम्बन्ध बारे सूचित गर्ने र लिङ्ग, उमेर, जाति, सामाजिक वर्ग, शारीरिक क्षमता, यौनिकता, धर्म, जातीयता र शिक्षा जस्ता प्रभाव पार्ने गुणहरु स्वीकार गर्ने ।

सामाजिक न्याय प्राप्त गर्न शक्ति गतिशीलताको आत्म-चेतना र बुझाइको प्रयोग गर्ने ।

सहयोगी कागजात र जानकारी यहाँ उपलब्ध छन् :
https://compass.oxfam.org/communities/humanitarian/wiki/oxfams-humanitarian-approach

# परिशिष्ट ३ : शब्दावली

**औपनिवेशिक प्रभुत्व मुक्त सिकाइ**

विश्वको मानवीय सेवा प्रणाली आधिपत्यवादी, पश्चिमा केन्द्रित, पूँजीवादी र औपनिवेशिक संरचनाहरूमा निर्माण गरिएको छ जसले व्यापक अन्याय निम्त्याउँछ भन्ने मान्यता राख्ने संस्था हो, अक्सफाम । सिकाइलाई औपनिवेशिक प्रभुत्वबाट मुक्त गर्नु भनेको हामीले हाम्रो प्रभाव मापन गर्ने तरिकामा यी प्रणालीहरूलाई चुनौती दिने प्रयास हो । ज्ञान स्थानीय समुदायहरूमा थोपरिने नभएर उनीहरूकै सहभागिता र सङ्लग्नतामा निर्माण गरिन्छ भन्ने सुनिश्चित गर्नु पनि हो । यो एकपटक मात्र हुने घटना होइन बरू क्रियाशील शक्ति संरचनाहरूको सामना गर्ने र तिनलाई परिवर्तन गर्ने निरन्तर प्रक्रिया हो ।

**लैङ्गिकता**

मानिसको लिङ्गका आधारमा समाज र संस्कृतिले निर्माण गरेका मान्यता, व्यवहार र भूमिकाहरूको संरचना । ती विशेषताहरु सिकिएका हुन्छन् र समयसँगै परिवर्तनशील छन् । लिङ्गलाई पहिचानका रूपमा पनि बुझ्न सकिन्छ् । व्यक्तिले अनुभव गर्ने स्वाभाविक लैङ्गिक पहिचान जुन जन्ममा प्राप्त भएको लिङ्गसँग मेल नखान सक्छ, जस्तै ट्रान्स पुरुष र महिला र परम्परागत दुई लिङ्गको अवधारण नमान्ने मानिसहरु ।

**लैङ्गिक विश्लेषण**

लिङ्गको आधारमा हुने असमानताहरु पहिचान गर्न, बुझ्न र समाधान गर्नका लागि लैङ्गिक भिन्नता र सामाजिक सम्बन्धहरु सम्बन्धी जानकारीको व्यवस्थित सङ्कलन र जाँच । मानवीय सेवाका कार्यहरूले लैङ्गिक अन्याय र असमानतालाई बढ्न नदिने र सम्भव भएसम्म लैङ्गिक सम्बन्धमा बढी से बढी समानता र न्यायलाई प्रवर्द्धन गर्ने कार्य सुनिश्चित गर्न लैङ्गिक विश्लेषणलाई सबै मूल्याङ्कन वा परिस्थितिगत विश्लेषणहरूमा समावेश गर्नुपर्छ ।

**लैङ्गिक सन्तुलन**

कुनै गतिविधि वा सङ्गठनमा समान संख्यामा महिला, पुरूष र लिङ्गको परम्परागत परिभाषा स्वीकार नगर्ने मानिसहरूको सहभागिता । उदाहरणका लागि समिति वा कुनै निर्णय लिने संरचनामा हुने प्रतिनिधित्व ।

**लैङ्गिक हिंसा**

कुनै व्यक्तिले आफ्नो लिङ्गकै कारण खेप्नु पर्ने हिंसा । यसको अति सामान्य र व्यापक रूप भनेको महिलाहरु विरूद्धको हिंसा हो जसले शारीरिक, यौन वा मनोवैज्ञानिक हानी पुर्‍याउँछ (वा निम्त्याउन सक्छ) । यसमा सार्वजनिक वा निजी जीवनमा आइपर्ने धम्की, जबरजस्ती र स्वतन्त्रताबाट मनोमानी रूपमा गरिने बञ्चितिकरणहरु पर्दछन् ।

**लैङ्गिक समानता**

त्यस्तो अवस्था जहाँ महिला, पुरूष लगायत लिङ्गको परम्परागत परिभाषा स्वीकार नगर्ने मानिसहरु समान हैसियतको आनन्द लिन्छन् र जोसँग आफ्नो पूर्ण मानव अधिकार र क्षमता महसुस गर्नका लागि समान सर्त, जिम्मेवारी र अवसरहरु हुनुका साथै परिणामको समान लाभ उठाउन सक्छन् ।

**लैङ्गिक समता**

यस अवधारणाले महिला, पुरूष र लिङ्गको परम्परागत परिभाषा स्वीकार नगर्ने मानिसका फरक आवश्यकता र शक्ति हुन्छन् र यी भिन्नताहरूलाई लिङ्गहरु बीचको असन्तुलनलाई सुधार्ने तरिकाले पहिचान र सम्बोधन गर्नुपर्छ भन्ने कुरा मान्ने गर्दछ । यसमा समान व्यावहार वा फरक तर अधिकार, लाभ, दायित्व र अवसरका हकमा बराबर मानिने व्यावहार हुन सक्छन् ।

**लैङ्गिक सरोकारका सङ्गठन**

महिला अधिकार र लैङ्गिक समानतासँग सम्बन्धित केही लक्ष्य, उद्देश्य, कार्यक्रम वा गतिविधिहरु भएका सङ्गठनहरु (ती महिला सङ्गठनहरु हुन वा नहुन पनि सक्छन्) ।

**लैङ्गिक न्याय**

जीवनका सबै क्षेत्रमा महिला, पुरूष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसकाहरु बीच पूर्ण समानताको लक्ष्य हो । यसले महिलाहरूलाई पुरूषहरूसँग समान आधारमा र संयुक्त रूपमा उनीहरूको आफ्नै चासो र प्राथमिकतामा आधारित जीवन र समग्र समाजलाई असर गर्ने नीति, संरचना र निर्णयहरु परिभाषित र निर्माण गर्न सक्षम बनाउने छ। लैङ्गिक न्याय नागरिक, राजनीतिक, आर्थिक र सामाजिक अधिकारको परिभाषा र प्रयोगमा लैङ्गिक दृष्टिकोण अपनाउन प्रतिबद्ध छ ।

**लैङ्गिक मूलप्रवाहिकरण**

महिलाका चिन्ता र अनुभवलाई मध्यनजर गर्दै सङ्गठनका सबै नीति र गतिविधिहरूमा क्षमता र जवाफदेहिता निर्माण गरी लैङ्गिक समानता ल्याउने र महिला अधिकारलाई अगाडि बढाउने लक्ष्य राखेको रणनीति । यसमा नीति र कार्यक्रम निर्माण र कार्यान्वयन, वकालत, सङ्गठनात्मक संस्कृति र स्रोत बाँडफाँड जस्ता कुरा पर्दछन् । यसरी लैङ्गिक मूलप्रवाहिकरणले सङ्गठनात्मक परिवर्तनलाई लैङ्गिक समानतातर्फ ल्याउन सक्छ ।

**केवल लिङ्गमा केन्द्रित कार्यक्रमहरू**

लैङ्गिक न्यायलाई अगाडि बढाउने र बालिका, युवती र महिलाहरूको अधिकार दाबी गर्ने र प्रयोग गर्ने क्षमता बढाउने एकमात्र र प्राथमिक उद्देश्यका साथ गरिने मानवीय सेवाका कार्यक्रमहरु ।

**उमेरसहितको लैङ्गिक सङ्केत**

लैङ्गिक समतामूलक कार्यक्रम सुधार गर्न मानवीय समन्वयका लागि अन्तर-एजेन्सी स्थायी समिति (IASC) द्वारा डिजाइन गरिएको उपकरण । ग्यामले प्रश्नावलीको प्रयोग गरी परियोजना योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने क्रममा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा जनसंख्याका विशिष्ट आवश्यकताहरूलाई देखाउँछ ।

**अन्तरसम्बन्ध (Intersectionality)**

भेदभाव र विशेषाधिकारका विभिन्न मोडहरु सिर्जना गर्न व्यक्तिका सामाजिक र राजनीतिक पहिचानका पक्षहरु कसरी जोडिन्छन् भनेर बुझ्ने एउटा रूपरेखा । अन्तरसम्बन्धले जातिवाद, लिङ्गवाद र होमोफोबिया जस्ता विभिन्न प्रकारका उत्पीडनहरु एकअर्काबाट स्वतन्त्र भएर कार्य गर्दैनन् बरु भेदभावका थुप्रै किसिमका 'संयोजन' हरु अन्तरसम्बन्धित हुन्छन् भनेर जोड दिन्छ ।

**अन्तरसम्बन्धित दृष्टिकोण**

यस अन्तरसम्बन्धित दृष्टिकोणको प्रयोगले मानवतावादी संस्थालाई लैङ्गिक न्यायमा प्रभावकारी रूपमा काम गर्न सघाउँछ, अवसरका लागि नीतिगत सीमा र प्रणालीगत अवरोधहरु तोड्ने र व्यक्तिको पहिचानको आधारमा थुप्रै पूर्वाग्रहको पहिचान गर्दछ । भेदभाव व्यक्तिको पहिचानको खास अन्तरसम्बन्ध वा विभिन्न प्रकारका उत्पीडनको संयोजनबाट सिर्जना हुन्छ जसलाई अतिरिक्त मूल्य भनिन्छ । उदाहरणका लागि, पहिलो अवस्थामा । प्रजनन अधिकारको सन्दर्भमा एउटी अपाङ्गता भएकी महिलालाई सबलाङ्ग महिला वा अपाङ्ग पुरूषको तुलनामा समान रूपमा व्यवहार गर्न बढी कठिनाई हुन सक्छ । यो उनको मिश्रित पहिचानमा आधारित रहेर आएको परिणाम हो । दोस्रो अवस्था । काममा महिलाहरूलाई कम तलब दिइन्छ र अपाङ्गता भएका मानिसहरूले त काम पाउने सम्भावना पनि कम हुन्छ भन्ने तथ्यको अर्थ आकर्षक पारिश्रमिक पाइने कामका लागि महिला र अपाङ्ग हुनु दोहोरो बेफाइदा हो भन्ने

लाग्छ । (पारस्परिक अन्तरसम्बन्ध) र अतिरिक्त मूल्य उस्तै होइनन् बरु यिनले महिलाका अवसरहरु कम गर्नमा समान तरिकाले काम गर्न सक्छन् ।

**गैर– बाइनरी (लिङ्गको परम्परागत परिभाषा स्वीकार नगर्ने समूह)**

आफ्नो जैविक लैङ्गिक विशेषता जे-जस्तो भए पनि लिङ्गको परम्परागत परिभाषा स्वीकार नगर्ने र आफूलाई महिला वा पुरूष र ती लिङ्गसँग जोडिएका लैङ्गिक भूमिका नमान्ने फरक लैङ्गिक पहिचान भएका मानिसहरूका लागि छाता शब्द हो । गैर-बाइनरी पहिचान कुनै यौनिक झुकावसँग सम्बन्धित छैन । गैर-बाइनरी मानिसहरु प्रायः 'ऊ' वा 'उनी' बाहेक अन्य सर्वनामहरु प्रयोग गर्छन्, जस्तै 'उनीहरु' । सम्मान सहित बोलाउन र गैर-बाइनरी मानिसहरूलाई मान्यता दिन अन्य भाषाहरूमा पनि यसरी नै शब्द मिलाएर प्रयोग गरिन्छन् । लैङ्गिक विविधताको स्वीकार र सम्मान गर्नाले थुप्रै आवश्यकताहरु पहिचान गर्न र योजना बनाउन सजिलो हुन्छ तर स्वीकार नगर्दा यसो नहुन सक्छ ।

**पितृसत्ता**

पुरूषप्रधान प्रणाली जसले महिला, पुरूष र विविधतायुक्त लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरूको उत्पीडनलाई राजनीतिक, सामाजिक, आर्थिक, कानुनी, सांस्कृतिक, धार्मिक र सैन्य संस्थाहरु मार्फत वैध बनाउँछ । निजी र सार्वजनिक क्षेत्रका स्रोत र शक्तिमा पुरूषहरूको पहुँच र नियन्त्रणले पुरूष प्रभुत्वको पितृसत्तात्मक विचारधाराबाट आफ्नो वैधता प्राप्त गर्दछ ।

**व्यावहारिक र रणनीतिक लैङ्गिक आवश्यकताहरू**

व्यावहारिक आवश्यकताहरु पुरूष र महिलाहरूका परम्परागत लैङ्गिक भूमिकाको आधारमा उनीहरूका आवश्यकतासँग सम्बन्धित छन् तर रणनीतिक लैङ्गिक आवश्यकताहरूले लैङ्गिक सम्बन्धलाई रूपान्तरण गर्ने लक्ष्य राख्दछ । यसर्थः ती सम्बन्ध, भूमिका र जिम्मेवारीमा हुने परिवर्तनहरु जस्ता दीर्घकालीन र अमूर्त हुन्छन् । उदाहरणका लागि, शिविरमा पानीको पहुँच सुधार कार्यमा महिलाहरूलाई संलग्न गराउनेले महिलाको पानी ल्याउने व्यावहारिक आवश्यकताहरूलाई सम्बोधन गर्दछ (यसले महिलाहरूका लागि सजिलो बनाउँछ तर महिलाले पानी ल्याउनु पर्छ भन्ने मान्यतालाई यसले चुनौती दिँदैन) । तर शिविरमा पानी वितरणका सम्बन्धमा निर्णय लिने संरचनामा महिलाहरूको सहभागिता बढाउनाले महिलाका रणनीतिक लैङ्गिक आवश्यकताहरूलाई सम्बोधन गर्नेछ जसले महिलाहरूको परम्परागत लैङ्गिक भूमिकालाई चुनौती दिन्छ, प्रश्न उठाउँछ। महिलाका व्यावहारिक आवश्यकताहरूमा ध्यान दिनु रणनीतिक लैङ्गिक आवश्यकताहरूलाई सम्बोधन गर्ने पहिलो खुड्किलो हो ।

**क्वियर**

रोमान्टिक एवं यौन झुकाव र/वा लैङ्गिक पहिचानका विशिष्ट नामहरु अस्वीकार गर्न चाहनेहरूले प्रयोग गर्ने शब्द ।

**लिङ्ग**

शारीरिक, आनुवंशिक, हार्मोनल र अन्य विशेषताहरूलाई जनाउँछ जसले प्रजनन वा विकास प्रक्रियाहरूमा भूमिका खेल्छ र

सामान्यतया जन्मको समयमा तोकिएको पुरूष वा महिला (वा कहिलेकाँही अनिर्धारित वा इन्टरसेक्स) को रूपमा मानिसहरूको पहिचान गर्न वर्गीकरण प्रणालीको रूपमा प्रयोग गरिन्छ ।

**लिङ्गका आधारमा छुट्याइको तथ्याङ्क**

पुरूष र महिला बीचको भिन्नतालाई उजागर गर्ने उद्देश्यले मानिसहरूलाई लिङ्गका आधारमा छुट्याएर सङ्कलन गरिएको तथ्याङ्क । तथ्याङ्कमा व्यक्तिको पहिचानका अन्य पक्षहरु जस्तै जातीयता, वर्ग, जात, उमेर र अपाङ्गता पनि राख्न सकिन्छ ।

**यौन झुकाव, लैङ्गिक पहिचान र अभिव्यक्ति र विशेषताहरू**

यो मानवीय सेवाको क्षेत्रमा यौन झुकाव र व्यवहार र/वा उनीहरूको लैङ्गिक पहिचान र/वा लैङ्गिक अभिव्यक्ति कुनै पनि सन्दर्भमा स्वीकृत 'नियम' बाट विचलित भएका व्यक्तिहरूसँग सम्बन्धित अधिकारका लागि सहमत गरिएको शब्द हो ।

**यौन शोषण र दुर्व्यवहार**

आपतकालीन राहतकार्यको सन्दर्भमा, यौन शोषण र दुर्व्यवहारले मानवीय कार्यमा खटिएका कर्मचारीहरूले लाभार्थीहरु माथि गर्ने दुर्व्यवहारलाई जनाउँछ । यौन शोषण भनेको यौन उद्देश्यले प्रेरित कमजोरी, शक्ति वा विश्वासको कुनै पनि किसिमको दुरुपयोग हो । यसमा अरूको यौन शोषणबाट आर्थिक, सामाजिक वा राजनीतिक रूपमा लाभ उठाउने कुरा पर्दछन् । उदाहरणका लागि, यसमा राहत वा अन्य मानवीय सहायताको सट्टामा लाभार्थीहरूलाई यौन सम्बन्ध प्रस्ताव गर्ने कर्मचारीका घटना पर्दछन् । यौन दुर्व्यवहार भनेको यौन प्रकृतिको वास्तविक वा धम्कीपूर्ण शारीरिक हस्तक्षेप हो जसमा जबरजस्ती वा असमान वा जबरजस्ती अवस्थाका अनुचित स्पर्श पर्दछन् । यसमा स्पष्ट रूपमा यौन सम्बन्धी अभिव्यक्ति, इशाराहरु र शारीरिक सम्पर्क पर्छन् ।

**सामाजिक समावेशीकरण**

दोहोरो ट्र्याक सिद्धान्तको माध्यमबाट समान अवसरहरु सुनिश्चित गर्न प्रयास गर्ने प्रक्रिया (विशेष आवश्यकताहरु सम्बोधन गर्न र अवरोधहरु हटाउनका लागि मुख्यधार र लक्षित दृष्टिकोण), ताकि उनीहरूको

पृष्ठभूमि, लिङ्, उमेर, स्थान, पेशा, जात, जातीयता, धर्म, नागरिकता स्थिति, अपाङ्गता, यौनिकता, र लैङ्गिक पहिचान आदि जे भए तापनि, आफ्नो सम्पूर्ण सम्भावनामा पुग्न सकून् ।

**रूपान्तरण**

आधारभूत, स्थायी परिवर्तन । अक्सफामको लैङ्गिक न्याय कार्यमा रूपान्तरणले समाजको संरचना र संस्कृतिमा हुने मुख्य परिवर्तनलाई जनाउँछ ।

**रूपान्तरणमूखी नारीवादी नेतृत्व**

गैर-दमनकारी, समावेशी संरचना र प्रक्रियाहरूमा आफ्नो शक्ति, स्रोत र सीपहरु प्रयोग गर्न आफूलाई व्यक्तिगत र सामूहिक रूपमा रूपान्तरण गरिरहेका सामाजिक न्यायका लागि नारीवादी दृष्टिकोण र दूरदृष्टि भएका मानिसहरु । रूपान्तरणकारी नारीवादी नेताहरूले समानता र सबैका लागि मानव अधिकारको प्राप्तिका लागि अरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रूपान्तरणको साझा एजेन्डाका वरिपरि परिचालन गर्छन् ।

**सङ्कटासन्न अवस्था**

कुनै व्यक्ति, समूह वा समाजको हानी हुने संवेदनशीलता । आपतकालीन सन्दर्भमा, यो कुनै पनि परिस्थितिमा थुप्रै सामाजिक पहिचानहरूको मिश्रित अवस्थामा आधारित हुन्छ (जस्तै, लिङ्, उमेर, वर्ग, जात, धर्म, जनजाति र भौगोलिक क्षेत्र)।

**महिला सशक्तीकरण**

महिलाहरु (व्यक्तिगत र सामूहिक रूपमा) आफ्नो जीवनमा शक्ति संरचनाहरु कसरी सञ्चालन हुन्छन् भन्ने बारे सचेत हुने र लैङ्गिक असमानता निम्त्याउने कारकहरूलाई चुनौती दिन आत्मविश्वास प्राप्त गर्ने प्रक्रिया ।

**महिला नेतृत्वका संघसंस्था**

महिलाहरूको नेतृत्वमा रहेका स्वतन्त्र स्थानीय र राष्ट्रिय संघसंस्थाहरु । उनीहरूको उद्देश्य लैङ्गिक  न्याय वा महिला अधिकार नै हुन आवश्यक छैन । उनीहरु महिलाहरूको नेतृत्व गरेर पितृसत्तात्मक मान्यताहरूलाई चुनौती दिन्छन् ।

**महिला अधिकार सङ्गठन**

लैङ्गिक न्यायमा काम गर्ने स्वतन्त्र नागरिक समाज, स्थानीय र राष्ट्रिय सङ्गठनहरु । यी संगठित र दर्ता गरिएका सङ्गठनहरु हुन सक्छन् । दर्ता नगरिएका साना स्थानीय महिला समूहहरु पनि हुन सक्छन् ।

# सन्दर्भ सामग्री (टिप्पणीहरू):


1. C. Green. (2013). *Gender Issues in Conflict and Humanitarian Action*. Oxfam. https://policy-practice.oxfam.org/resources/gender-issues-in-conflict-and-humanitarian-action-305870/

2. Oxfam. (2013). *Oxfam Minimum Standards for Gender in Emergencies.* https://policy-practice.oxfam.org.uk/publications/oxfam-minimum-standards-for-gender-in-emergencies-305867

3. Oxfam's Gender in Emergency Team. (2018). *Advancing women's rights and gender justice through a feminist principled approach to Oxfam's humanitarian work.* Internal working paper.

4. Oxfam GB. (2019). *Feminist Principles at Oxfam*. https://www.oxfam.org.uk/documents/41/FEMINIST_PRINCIPLES_-_OGB.pdf

5. Oxfam Canada. (2019). *Making gender-transformative humanitarian action a reality.* P.2 https://www.oxfam.ca/publication/gender-transformative-humanitarian-action/

6. Oxfam (2019). *The Humanitarian-Development-Peace Nexus: What does it mean for multi-mandated organizations?* https://policy-practice.oxfam.org/resources/the-humanitarian-development-peace-nexus-what-does-it-mean-for-multi-mandated-o-620820/

7. Edge Effect. (n.d.). *The Only Way is Up: Monitoring and Encouraging Diverse SOGIESC Inclusion in the Humanitarian and DDR Sectors.* https://www.edgeeffect.org/project/0022/

8. The 'Women and Girls rebuilding Iraq' project is being run by Oxfam in Iraq with Global Affairs Canada, Youth Activity Organization and Iraqi Al-Amal Organization. https://oxfam.qc.ca/en/initiative/international/iraq/

9. Oxfam. (2014). *Transformative Leadership for Women's Rights. An Oxfam Guide. Understanding how Leadership can Create Sustainable Change that Promotes Women's Rights and Gender Equality.* https://oxfamilibrary.openrepository.com/bitstream/handle/10546/317242/ml-transformative-leadership-womens-rights-220514-en.pdf

OXFAM
Oxfam Country Office
Jawalakhel, Ward No. 5, Lalitpur
Telephone: +977 (1) 5430574
Email: oxnepal@oxfam.org.uk, Website: www.nepal.oxfam.org
www.facebook.com/OxfamInNepal | www.instagram.com/oxfaminnepal